# बागमती गाउँपालिका

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

## आर्थिक वर्ष २०८०/०८१

**प्रतिवेदन प्राप्त गर्ने निकाय**

बागमती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

भट्टडाँडा, ललितपुर


**प्रतिवेदक**

हेल्पिङ ह्यान्डस् कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर

भक्तपुर

सम्पर्क नम्बरः

Email:

# विषयसूची


**विषयसूची .......... क**

**तालिका सूची .......... ख**

**अनुसूचीहरु .......... ग**

**भाग – १ .......... १**

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अवधारणा .......... १**

१.१ पृष्ठभूमि १

१.२ लैससास परीक्षणको महत्व २

१.३ लैससास परीक्षण र कार्यान्वयनको कानुनी आधारहरु २

१.४ लैससास परीक्षणका उद्देश्यहरु ४

**भाग – २ .......... ६**

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका विधि .......... ६**

२.१ लैससास परीक्षणले समेट्ने क्षेत्रहरु ६

२.२ लैससास परीक्षणको विधि र तरीका ६

२.२.१ लैससास परीक्षण कार्यदल र विषय क्षेत्रगत परीक्षण समिति गठन र जिम्मेवारी वहन .......... ७

२.२.१ दस्तावेज समीक्षा .......... ८

२.२.२ मुख्य सूचनादाता अन्तरवार्ता .......... ८

२.२.३ परीक्षण कार्यशाला गोष्ठी .......... ८

२.२.४ सूचकका पुनरावलोकन .......... ११

२.२.५ सबल, कमजोर, अवसर र चुनौती विश्लेषण .......... ११

२.२.६ कार्ययोजना तयारी .......... १२

**भाग – ३ .......... १३**

**लैससास परीक्षणवाट आएका मुख्य प्राप्तिहरु .......... १३**

३.१ लैससास परीक्षणवाट प्राप्ताङ्कहरुको प्रस्तुतीकरण १३

३.२ लैससास परीक्षण नतिजाको माकुरेजालोमा प्रस्तुति १४

३.३ लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरु १५

३.४ अवसर र चुनौतीहरु ७०

३.४.१ अवसरहरु ....................................................................................................७०

३.४.२ चुनौतीहरु ....................................................................................................७०

३.५ लैंगिक तथा सामाजिक समावेशीकरण कार्यान्वयन कार्ययोजना ७०

**भाग – ४ ....................................................................................................७०**

**निष्कर्ष र सूझावहरु ....................................................................................................७०**

४.१ निष्कर्ष ७०

# तालिका सूची


तालिका १: लैससास परीक्षणका विषय क्षेत्रहरु ६

तालिका २: स्थानीय तहमा लैससास परीक्षणका सहभागीहरू ८

तालिका ३: स्थानीय तहमा लैससास परीक्षणको समय तालिका ९

तालिका ४: लैससास परीक्षणका मुख्य तथा सहायक विषय क्षेत्रहरु १०

तालिका ५: लैससास परीक्षणमा प्राप्त अंकहरुको विवरण १३

तालिका ६: लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरु १५

तालिका ७: लैंगिक तथा सामाजिक समावेशीकरण कार्यान्वयन कार्ययोजना ७०

# अनुसूचीहरु

| **अनुसूची नं** | **विषयबस्तु** |
|---|---|
| **अनुसूची - १** | लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य समूहहरु |
| **अनुसूची - २** | लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण अंक मापन विवरण |
| **अनुसूची - ३** | लैससास परीक्षण कार्यशालाका सहभागीहरुको हाजिरी विवरण |

# भाग – १

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको अवधारणा

## १.१ पृष्ठभूमि

नेपाल भाषिक, धार्मिक, जातीय र भौगोलिक विविधता भएको देश हो । यहाँ परापूर्व कालदेखि समाजमा रहेको लैंगिक, भाषिक, धार्मिक र भौगोलिक असमानता र विभेद कायम रहेको हुँदा विभिन्न राजनीतिक परिवर्तनहरु हुँदै आजको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको प्रारम्भ भएको हो । आज देशमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा क्रमशः प्रगति हुँदै आएको भएता पनि अझै कार्यान्वयनमा रहेका सम्बन्धित कानुनी व्यवस्थाहरु व्यवहारमा आंशिक रुपमा मात्र लागू भएको महसुस हुन्छ । नेपालमा यी लैंगिक तथा सामाजिक विभेदहरुलाई निवारण गरी समतामूलक समाजको स्थापना गर्नको लागि वर्तमान संविधान जारी भएको हो ।

वर्तमान संविधानले यी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने परिकल्पना गरेको छ । संविधानमा लैंगिक तथा सामाजिक समानता र समावेशीकरणको लागि विभिन्न मौलिक हकहरुको व्यवस्था गरेको छ । यी मौलिक हकहरुको कार्यान्वयन गर्न विभिन्न ऐन तथा कानुनी व्यवस्थाहरु लागू भएको छ । संविधानको मर्मलाई कार्यान्वयन गर्दै लैंगिक तथा सामाजिक रुपमा रहेको विभेदहरुको अन्त्य गरी समतामूलक समाज स्थापना गर्नको लागि नेपाल सरकारले लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई बहुआयामिक विषयको रुपमा सबै क्षेत्रमा कार्यान्वयन गर्दै आएको छ ।

नेपाल सरकारले लैंगिक समानता तथा सामाजिक समावेशीकरणको कार्यान्वयन र सोको प्रगतिको परीक्षण गर्ने व्यवस्था कार्यान्वयन गर्दै आएको छ । स्थानीय तहहरुमा लैससास परीक्षण विधिवत रुपमा लागू गर्नको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारहरुको लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) तयार गरी उपलब्ध गराएको छ । यसै कार्यविधिको आधारमा यस बागमती गाउँपालिकाको लैससास परीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## १.२ लैससास परीक्षणको महत्व

गाउँपालिका/नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणले स्थानीय तहमा लैससास कार्यान्वयन गर्नको लागि तर्जुमा गरिएको नीति, रणनीति, ऐन तथा कार्यविधिहरुको अवस्था, आवधिक तथा वार्षिक र अन्य विषयगत रणनीतिक योजनाहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका व्यवस्थाहरु भए/नभएको, संस्थागत संरचनामा लैससासको अवधारणा कार्यान्वयन भए/नभएको, मानव संसाधन तथा क्षमता विकासको क्षेत्रमा लैससासको अवधारणा कार्यान्वयन भए/नभएको, सेवा प्रवाहमा लैससासको अवधारणा कार्यान्वयनको अवस्था र सुशासन तथा उत्तरदायित्वको क्षेत्रमा लैससासको अवधारणा कार्यान्वयनको अवस्थाको परीक्षण हुने गर्दछ।

यसर्थ लैससास परीक्षणले माथिका क्षेत्रहरुमा लैससासको कार्यान्वयनको सबल र कमजोर पक्षहरु तथा अवसर चुनौतीहरुको पहिचान हुने गर्दछ। यस परीक्षणले स्थानीय सरकारलाई लैंगिक समानता स्थापना गर्नको लागि आवश्यक रणनीतिक र कार्यक्रमगत पहलहरु गर्न, सामाजिक रुपमा बञ्चितीकरणमा परेका व्यक्ति तथा समुदायलाई सरकारको सेवा सुविधामा समान पहुँचको व्यवस्था गर्न सहयोग गर्दछ। लैंगिक तथा सामाजिक समानता र समावेशीकरण प्रवर्द्धनबाट समतामूलक समाजको स्थापना गरी दीगो शान्तिको चर निर्माण गर्न सकिन्छ।

## १.३ लैससास परीक्षण र कार्यान्वयनको कानुनी आधारहरु

नेपालको संविधानले समानता र समावेशीकरणलाई मूल मान्यताको आधार लिई मानवअधिकारका विश्वव्यापी मान्यतालाई अंगीकार गरी मौलिक हकहरुको व्यवस्था गरेको छ। संविधानको धारा १८ मा समानताको हकको व्यवस्था भएको छ, जसमा प्रत्येक व्यक्तिलाई समान कानुनी हैसियतको सूनिश्चित गरेको छ। यस धाराअनुसार सबै नागरिक कानुनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानुनको समान संरक्षणवाट वञ्चित नगरिने तथा सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, बर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ। सामाजिक वा सांस्कृतिक दृष्टिले पिछाडएका महिला, दलित, आदिबासी जनजाति, मधेशी, थारु, बालबालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भ अवस्थाका व्यक्ति, अशक्त वा असहाय,

पिछाडिएको क्षेत्र वा आर्थिक रुपमा विपन्न खस् आर्य लगायतका नागरिकहरुको संरक्षण, सशक्तीकरण वा विकासको निम्ति विशेष व्यवस्था गर्नु पर्ने व्यवस्था गरिएको छ।

संविधानले महिलाको हकको अलग्गै व्यवस्था गरेको छ । संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ, जसले प्रत्येक महिलालाई लैंगिक भेदभाव बिना समान बंशीय हकको सूनिश्चित गरेको छ। प्रत्येक महिलालाई सूरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार दिइएको छ। महिलालाई धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्न नपाइने व्यवस्था गरिएको छ । यी हिंसाजन्य कार्यहरु कानुन बमोजिम दण्डनीय हुने र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने अधिकारको व्यवस्था छ। राज्यको सबै निकायमा महिलालाई समानुपातिक रुपमा सहभागी हुन पाउने अधिकार सूनिश्चित भएको छ। महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सूरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हकको व्यवस्था भएको छ। साथै सम्पत्ति र पारिवारिक मामिलामा दम्पतिको समान हकको व्यवस्था भएको छ।

संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था भएको छ जसमा प्रत्येक नागरिक (अपांगता भएका र आर्थिक रुपमा विपन्न सहित) लाई शिक्षाको पहुँचमा समान हकको सूनिश्चित गरिएको छ । संविधानको धारा ३२ मा भाषा र संस्कृतिको हकको व्यवस्था गरिएको छ जसमा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने अधिकारको व्यवस्था गरिएको छ । साथै धारा ३३ मा समान रोजगारीको हक, धारा ३४ मा उचित श्रम अभ्यासको हक जसमा उचित पारिश्रमिक सुविधा र योगदानको सूनिश्चितता, धारा ३५ मा स्वास्थ्य सम्बन्धी समान हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ मा सामाजिक न्यायको हक र धारा ४३ मा सामाजिक सूरक्षाको हकको व्यवस्था गरिएको छ। यी धाराहरु विशेष गरी लैंगिक समानता र सामाजिक समावेशीकरण संवेदनशील रहेका छन्।

स्थानीय तहमा लैससास कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को गाउँपालिका/नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था रहेको छ। उक्त ऐनमा वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा समाजिक रुपमा अल्पसंख्यक,

सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने विभिन्न समुदाय बीचमा सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बाल विवाह, बहुविवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन, जस्ता समाजिक कुरीति, र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ। साथै स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछाडिएका वर्गको सहभागिता गराउने र योजना छनौटमा महिला, बालबालिका, जेष्ठ नागरिक, पिछाडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्येक्ष लाभ पुग्ने कार्यक्रमलाई छनौट गर्ने, बजेट विनियोजन र कार्यान्वयनमा जोड दिएको छ।

लैससासको अवधारणालाई कार्यान्वयन गर्नको लागि नेपालको संविधान तथा सम्बन्धित ऐनहरु, राष्ट्रिय रणनीति, आवधिक तथा रणनीतिक योजनाहरु, अन्तर्राष्ट्रिय घोषणापत्र, महासन्धीहरु र दीगो विकास लक्ष्यहरुले यथेष्ट व्यवस्थाहरु गरेको छ। यिनै व्यवस्थाहरुको स्थानीय तहमा कार्यान्वयनको अवस्था के कस्तो भएको छ भन्ने विषयमा लेखाजोखा गर्ने कार्यको लागि लैससास परीक्षण गर्ने व्यवस्था रहेको छ।

## १.४ लैससास परीक्षणका उद्देश्यहरु

स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको मूल उद्देश्य नै संविधानमा प्रचलित कानुनहरुमा भएको व्यवस्थाहरु र सो सम्बन्धी राष्ट्रिय कार्ययोजनामा समावेश गरिएका कार्यक्रमहरुको कार्यान्वयनको अवस्था बारेमा लेखाजोखा गर्ने हो। यसरी लैससास कार्यान्वयनको अवस्था विश्लेषण गरी स्थानीय तहमा समतामूलक नीति तथा कार्यक्रमहरु पहिचान गरी कार्यान्वयनको लागि सुझावहरु उपलब्ध गराइन्छ। लैससास परीक्षणको विशिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

क) स्थानीय तहको नीति, कानुन, संस्थागत संरचना, जनशक्ति र क्षमता विकास कार्य, योजना तर्जुमा र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा वञ्चितीकरणमा परेका व्यक्ति र समुदायहरुको मूलप्रवाहीकरण र सशक्तीकरणको अवस्था मापन गर्ने।

ख) स्थानीय तहको समग्र क्रियाकलापहरुमा लैंगिक समानता तथा समाजिक समावेशीकरणका लागि सबल र सुधार गर्नु पर्ने पक्षहरु तथा अवसर र चुनौतीहरुको पहिचान गर्ने।

ग) गाउँपालिकाले सम्पादन गर्ने सबै क्रियाकलापहरुमा लैससास संवेदनशील कार्यान्वयनलाई संस्थागत गर्दै लैजान आधारहरु पहिचान गर्ने।

घ) लैससास कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने ।

ङ) गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बजेट तर्जुमा गर्ने आधार तयार गर्ने ।

# भाग – २

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका विधि

## २.१ लैससास परीक्षणले समेट्ने क्षेत्रहरु

स्थानीय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) को अनुसार लैससास परीक्षणमा मुल पाँचवटा क्षेत्रहरु समावेश गरिएको छ। यसका पाँच क्षेत्रहरु स्थानीय तहको नीति कानुन र योजना, संस्थागत व्यवस्था, मानव संसाधन र क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा जवाफदेहिता हुन्। यस कार्यविधिअनुसार परीक्षण कार्यमा देहायका पाँच मुल विषयहरु वा क्षेत्रहरु समेटिएका छन्:

**तालिका १: लैससास परीक्षणका विषय क्षेत्रहरु**

| क्र सं | विषय क्षेत्रहरु | सूचक संख्या | उपसूचक संख्या |
|---|---|---|---|
| १ | नीति कानुन र योजना | ३ | २० |
| २ | संस्थागत व्यवस्था | ५ | २० |
| ३ | मानव संसाधन र क्षमता विकास | ४ | २० |
| ४ | सेवा प्रवाह | ५ | २० |
| ५ | सुशासन तथा उत्तरदायित्व | ५ | २० |
| | **जम्मा** | **२२** | **१००** |

## २.२ लैससास परीक्षणको विधि र तरीका

स्थानीय तहहरुमा लैससास परीक्षण कार्यलाई एकरुपता कायम गर्नको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) उपलब्ध गराएको छ। हरेक स्थानीय तहले यस कार्यविधिलाई स्थानीय आवश्यकतानुसारका व्यवस्थाहरु समेत गरी स्थानीय कार्यविधिको रुपमा लागू गरेर सोही अनुसार लैससास परीक्षण गर्नुपर्ने हुन्छ। हाललाई यही नमूना कार्यविधिको आधारमा यस गाउँपालिकाको लैससास परीक्षण गरिएको छ। यो परीक्षण कार्य हरेक आर्थिक वर्षको प्रथम चौमासिक अवधिमा गत आर्थिक वर्षको प्रगति सहितलाई समावेश गरी जननिर्वाचित पदाधिकारी र कर्मचारीहरुको संलग्नतामा सम्पन्न गर्नु पर्दछ। यस गाउँपालिकाको लैससास

परीक्षण कार्य पनि यी दुवै पक्षको सहभागितामा गाउँपालिकामा रहेका प्रमाण कागाजातहरुको आधारमा गरिएको छ। यस लैससास परीक्षणको क्रममा देहायका विधिहरु अवलम्बन गरिएको छः

### २.२.१ लैससास परीक्षण कार्यदल र विषय क्षेत्रगत परीक्षण समिति गठन र जिम्मेवारी वहन

यस गाउँपालिकाको लैससास परीक्षण गर्नको लागि गाउँपालिका उपाध्यक्षको संयोजकत्व, वडा अध्यक्ष, कार्यपालिका सदस्य र प्रमुख प्रशासकीय अधिकृतको संलग्नतामा एक कार्यदल गठन गरिएको थियो । उक्त कार्यदलको मातहतमा पाँच वटा विषय क्षेत्रगत परीक्षण समिति गठन गरिएको थियो । यस कार्यदलले लैससास परीक्षण कार्यशाला सञ्चालन र सम्बन्धित शाखाहरुबाट प्रमाण कागाजात परीक्षण गर्न सहजीकरण र नेतृत्व गरेको थियो। कार्यदलमा देहायका सदस्यहरु समावेश भएका थिएः

| क्र सं | नाम थर | जिम्मेवारी | साविक पद | विषय क्षेत्र (संयोजक) |
|---|---|---|---|---|
| १ | श्री भक्त बहादुर दर्लामी मगर | संयोजक | गाउपालिका उपाध्यक्ष | समग्र |
| २ | श्री होम प्रसाद बजगाँई | सदस्य | वडा अध्यक्ष, वडा नं ७ | नीति, कानुन तथा योजना |
| ३ | श्री नवराज तिमल्सिना | सदस्य | वडा अध्यक्ष, वडा नं ५ | संस्थागत व्यवस्था |
| ४ | श्री नारायण भोम्जन | सदस्य | वडा अध्यक्ष, वडा नं ६ | मानव संसाधन तथा क्षमता विकास |
| ५ | श्री रामकुमार लामा | सदस्य | वडा अध्यक्ष, वडा नं ४ | सेवा प्रवाह |
| ६ | श्री राममणी काफ्ले | सदस्य | प्रमुख प्रशासकीय अधिकृत | सुशासन तथा उत्तरदायित्व |
| ७ | श्री नवराज खड्का | सदस्य | वडा अध्यक्ष, वडा नं ३ | |
| ८ | श्री रमेश घले | सदस्य | कार्यपालिका सदस्य | |
| ९ | श्री सरस्वती मोक्तान | सदस्य | कार्यपालिका सदस्य | |
| १० | श्री सुशिला सुनार | सदस्य | कार्यपालिका सदस्य | |
| ११ | श्री सुन माया थिङ | सदस्य | वडा सदस्य | |

नोटः विषय क्षेत्रगत परीक्षण समितिको विवरण अनुसूची १ मा दिइएको छ।

### २.२.१ दस्तावेज समीक्षा

लैससास परीक्षणको गठन भएको कार्यदलले परामर्शदाताको सहजीकरणमा गाउँपालिकाका नीति कानुन र योजना सम्बन्धी दस्तावेजहरु (जस्तैः स्थानीय नीति, ऐन, निर्देशिका, वार्षिक योजना तथा बजेट, आवधिक योजना, वार्षिक प्रतिवेदनहरु, आर्थिक प्रतिवेदनहरु, चौमासिक र वार्षिक समीक्षाको प्रतिवेदन, गाउँपालिका प्रोफाइल, विभिन्न समयमा भएका निर्णयहरु आदिको संकलन गरी लैससासको दृष्टिवाट विश्लेषण र पुनरावलोकन गरी प्रारम्भिक टिपोट तयार गरिएको थियो।

### २.२.२ मुख्य सूचनादाता अन्तरवार्ता

लैससास परीक्षणको क्रममा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, लक्षित समुदायका कार्यपालिकाका सदस्यहरु र लैससास सम्पर्क व्यक्तिसंग परामर्शदाताद्वारा अन्तरवार्ता लिइएको थियो। यस अन्तरवार्तामा नीति कानुन तथा योजना, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व क्षेत्रमा सूचनादाताहरुको बुझाइ सम्बन्धमा छलफल र रायहरु संकलन गरिएको थियो।

### २.२.३ परीक्षण कार्यशाला गोष्ठी

लैससास परीक्षण गोष्ठी १ दिनको लागि आयोजना गरिएको थियो। यस गोष्ठीमा लैससास परीक्षण कार्यदलको नेतृत्वमा पाँच वटा विषय क्षेत्रगत लैससास परीक्षण उपसमिति गठन गरी विषय क्षेत्रगत सूचकहरु सम्बन्धमा अभिमुखीकरण गरी उक्त सूचकहरुमा भएका प्रगति सम्बन्धमा र सो सम्बन्धी प्रमाण कागाजातहरु संकलन गरी प्रमाणको आधारमा अंक मापन गर्ने कार्य गरिएको थियो।

***लैससास परीक्षण कार्यशालाका सहभागीहरु***

लैससास परीक्षण कार्यशालामा देहायका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरु सहभागी भएका थिए। लैससास परीक्षण कार्यक्रममा जम्मा ३० जना सहभागीहरु थिए।

**तालिका २: स्थानीय तहमा लैससास परीक्षणका सहभागीहरू**

| क्र.सं. | सहभागीहरू |
|---|---|
| १ | गाउँपालिका प्रमुख |
| २ | गाउँपालिका उपप्रमुख |

| | |
|---|---|
| ३ | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | गाउँपालिका वडा अध्यक्षहरु |
| ५ | कार्यपालिकाका महिला सहित सदस्यहरु |
| ६ | गाउँपालिकाका दलित, अल्पसंख्यक र जनजाति जनप्रतिनिधिहरू |
| ७ | गाउँपालिकाका विषयगत शाखाका प्रमुखहरू, कर्मचारीहरु |
| ८ | गाउँपालिकाका सबै महिला र लक्षित वर्गका कर्मचारीहरु |

नोटः लैससास परीक्षणमा भएका सहभागीहरु अनुसूची – ३ मा संलग्न गरिएको छ।

***गोष्ठी संचालन विधि***

लैससास परीक्षण कार्याशालामा पाँच वटा मूल विषयहरुको आधारमा ५ वटा लैससास विषयगत परीक्षण उपसमिति वा कार्य-समूह गठन गरिएको थियो। लैससास परीक्षण कार्य-समूहहरुलाई विषयगतरुपमा सूचक र उपसूचकहरु माथि अभिमुखीकरण गरी परीक्षणको लागि परिचालन गरिएको थियो। लैससास परीक्षण कार्य-समूहहरुले गाउँपालिकाको सम्बन्धित शाखाहरुमा सम्बन्धित दस्तावेजहरुको अवलोकन वा परीक्षण गरेका थिए। उक्त कार्य-समूहहरुले आफ्नो विषय क्षेत्रमा रहेका सवल र कमजोर पक्षहरु तथा अवसर र चुनौतीहरुको पनि खोजी गरेका थिए।

लैससास परीक्षण कार्य सम्पन्न भएपश्चात सबै सहभागीहरुको उपस्थितिमा परीक्षणको क्रममा प्राप्त भएको अंकहरु माथि परामर्शदाताहरुवाट पूनः छलफल र मूल्यांकन गरिएको थियो। त्यसपश्चात समूहगत रुपमा सबै कार्य समूहहरुले परीक्षण गरेको नतिजाहरु प्रस्तुत गरिएको थियो। यिनै अंकहरुको आधारमा माकुरेजालोको विधिवाट गाउँपालिकामा रहेको लैससास कार्यान्वयनको स्थिति प्रस्तुत गरिएको थियो। सबल तथा कमजोर पक्षहरु र अवसर तथा चुनौतीहरु समेत प्रस्तुत गरिएको थियो। परीक्षणका सबै पक्षहरु सम्पन्न भए पश्चात उक्त विषयगत परीक्षण कार्य-समूहहरुले आगामी समयमा गर्नुपर्ने सूचकगत कार्यहरु बारेमा छलफल गरी कार्ययोजना तर्जुमा गरिएको थियो।

**तालिका ३: स्थानीय तहमा लैससास परीक्षणको समय तालिका**

| सत्र | समय | क्रियाकलापहरु |
|---|---|---|
| प्रथम | ११.०० – ११.३० | गाउँपालिका उपाध्यक्ष ज्युवाट कार्यक्रम उद्घाटन,<br>प्रमुख प्रशासकीय अधिकृतवाट स्वागत मन्तव्य, परिचय<br>लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा, लैससास परीक्षण र महत्व |

| | | |
|---|---|---|
| दोश्रो | ११.३० – १२.३० | लैससास परीक्षणको लागि विषयगत कार्य-समूह गठन र परीक्षण कार्यमा परिचालन |
| तेश्रो | १२.३० – २.३० | लैससास परीक्षणको प्रथम मस्यौदा र माकुरेजालो सहभागीहरु बीचमा प्रस्तुतीकरण |
| चौथो | ३.३० – ४.०० | लैससासका सवालहरु समावेश गरी सुधारका कार्ययोजना तयारी<br>गाउँपालिका प्रमुखज्युवाट कार्यक्रमको समापन |

***लैससास परीक्षणका विषयक्षेत्रहरु र अंकभार***

स्थानीय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ (नमूना) को अनुसार कुल परीक्षण अंकभार १०० र तोकिएका ५ मूल विषयक्षेत्रलाई हरेकको २० पूर्णाङ्क कायम गरिएको छ। जसभित्र २२ वटा सहायक विषयहरु र अंकभारहरु देहाय अनुसार प्रस्तुत गरिएको छः

**तालिका ४: लैससास परीक्षणका मुख्य तथा सहायक विषय क्षेत्रहरु**

| क्र सं | मुख्य तथा सहायक विषय क्षेत्रहरु | अंकभार |
|---|---|---|
| **क** | **नीति कानुन र योजना** | |
| १ | नीति, कानुन र योजनामा समावेशी सहभागिता | ८ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ |
| | जम्मा | २० |
| **ख** | **संस्थागत व्यवस्था** | |
| १ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | ४ |
| २ | कार्यप्रणाली समावेशी | ४ |
| ३ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ |
| ४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशीता | ४ |
| ५ | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ |
| | जम्मा | २० |
| **ग** | **मानव संसाधन तथा क्षमता विकास** | |
| १ | मानव संसाधन तथा क्षमता विकास | ८ |
| २ | अनौपचारिक मूल्य मान्यता र कुसंस्कार सम्बन्धी जनचेतना | ४ |
| ३ | कानुनी साक्षरता | ४ |
| ४ | विपद् व्यवस्थापनमा समावेशीकरण | ४ |
| | जम्मा | २० |
| **घ** | **सेवा प्रवाह** | |

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| १ | पूर्वाधार विकास | ४ |
| २ | प्रजनन् स्वास्थ्य | ४ |
| ३ | शिक्षा कार्यक्रम | ४ |
| ४ | खानेपानी तथा सरसफाई | ४ |
| ५ | स्वरोजगार र आयआर्जन तथा बजार व्यवस्थापन | ४ |
| | जम्मा | २० |
| **ङ** | **सुशासन तथा उत्तरदायित्व** | |
| १ | सुशासन | ४ |
| २ | उत्तरदायित्व र जवाफदेहिता | ४ |
| ३ | सूचना तथा सञ्चार | ४ |
| ४ | अनुगमन र मूल्यांकन | ४ |
| ५ | समन्वय र सम्बन्ध बिस्तार | ४ |
| | जम्मा | २० |
| | **कुल जम्मा** | **१००** |

स्थानीय तह लैससास परीक्षण कार्यविधि, २०७७ अनुसार माथिको तालिकामा उल्लिखित सहायक विषयहरुमा जम्मा १०० वटा सूचकहरु तोकिएका छन् । यसमा स्थानीय सरकारका तोकिएका सहभागीहरुसंगको संलग्नतामा सम्बन्धित सूचकको प्रमाणहरुको आधारमा अंक प्रदान गरिन्छ । यसमा राम्रो प्रगति भएको देखिएमा १, मध्यम या आंशिक कार्य भएको देखिएमा ०.५ र न्यून कार्य भएको वा नभएको अवस्था भएमा ० अंक प्रदान गरिएको छ ।

### २.२.४ सूचकका पुनरावलोकन

लैससास परीक्षण गोष्ठीको क्रममा सूचकगत परीक्षण गरी अंक प्रदान गरिएकोमा परामर्शदाताद्वारा उक्त अंक तथा प्रमाणहरुको पूनरावलोकन गरिएको थियो । संकलन गरिएका प्रमाणहरुको सत्यता मापन गरी प्राप्त भएका अंकहरुमा सुधार गरिएको थियो ।

### २.२.५ सबल, कमजोर, अवसर र चुनौती विश्लेषण

लैससास परीक्षणको क्रममा नतिजालाई माकुरेजालोमा प्रस्तुत गरेपश्चात लैससासको विषयक्षेत्रहरु मध्ये बढी अंक प्राप्त गर्ने क्षेत्रमा सबल अवस्था देखिन्छ र त्यस क्षेत्रमा बढी सूचकहरुमा काम भएको प्रष्ट हुन्छ । साथै कम अंक प्राप्त गरेका क्षेत्रहरुमा कमजोर पक्षहरु वा सुधार गर्नु पर्ने क्षेत्रहरु पहिचान हुन्छ । सूचक र उपसूचकहरुको विश्लेषण गरी सबल र कमजोर पक्षहरु पहिचान गर्ने कार्य भएको छ ।

### २.२.६ कार्ययोजना तयारी

लैससास परीक्षणका सूचकहरुमा भएको प्रगतिको अवस्थालाई लेखाजोखा गरी आंशिक प्रगति भएका र प्रगति हुन नसकेका सूचकहरुको पहिचान गरी सोको सुधारको लागि कार्ययोजना तयार गरिएको छ। यस कार्ययोजनाले लैससासका कार्यक्रमहरु चालू तथा आगामी आर्थिक वर्षमा वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गर्न प्रेरित गर्दछ।

# भाग – ३

# लैससास परीक्षणवाट आएका मुख्य प्राप्तिहरु

## ३.१ लैससास परीक्षणवाट प्राप्ताङ्कहरुको प्रस्तुतीकरण

स्थानीय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ ले तोकेका पाँचवटा विषय क्षेत्रहरुका सूचकहरुको तथ्य प्रमाण र वास्तविक प्रगतिको अवस्थालाई लेखाजोखा गरी सूचकगत अंक प्रदान गरिएको छ। विषय क्षेत्रगतरुपमा लैससास परीक्षणबाट प्राप्त भएको अंक देहाय अनुसार प्रस्तुत गरिएको छः

**तालिका ५: लैससास परीक्षणमा प्राप्त अंकहरुको विवरण**

| क्र सं | मुख्य तथा सहायक विषय क्षेत्रहरु | अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|
| **क** | **नीति कानुन र योजना** | | |
| १ | नीति कानुन र योजनामा समावेशी सहभागिता | ८ | ५ |
| २ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ५.५ |
| ३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | २.५ |
| | **जम्मा** | **२०** | **१३** |
| **ख** | **संस्थागत व्यवस्था** | | |
| १ | कर्मचारी/पदाधिकारी प्रतिनिधित्व | ४ | २.५ |
| २ | कार्यप्रणाली समावेशी | ४ | ४ |
| ३ | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | ३ |
| ४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशीता | ४ | ४ |
| ५ | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ | ३ |
| | **जम्मा** | **२०** | **१६.५** |
| **ग** | **मानव संसाधन तथा क्षमता विकास** | | |
| **१** | मानव संसाधन तथा क्षमता विकास | ८ | ४.५ |
| **२** | अनौपचारिक मूल्य मान्यता र कुसंस्कार सम्बन्धी जनचेतना | ४ | ३.५ |
| **३** | कानुनी साक्षरता | ४ | ४ |
| **४** | विपद् व्यवस्थापनमा समावेशीकरण | ४ | ३.५ |
| | **जम्मा** | **२०** | **१५.५** |
| **घ** | **सेवा प्रवाह** | | |

| | | | |
|---|---|---|---|
| १ | पूर्वाधार विकास | ४ | ३.५ |
| २ | प्रजनन स्वास्थ्य | ४ | ३.५ |
| ३ | शिक्षा कार्यक्रम | ४ | ३.५ |
| ४ | खानेपानी तथा सरसफाई | ४ | ३.५ |
| ५ | स्वरोजगार र आयआर्जन तथा बजार व्यवस्थापन | ४ | ३.५ |
| | **जम्मा** | **२०** | **१७.५** |
| **ङ** | **सुशासन तथा उत्तरदायित्व** | | |
| १ | सुशासन | ४ | ३.५ |
| २ | उत्तरदायित्व र जवाफदेहिता | ४ | २.५ |
| ३ | सूचना तथा सञ्चार | ४ | ३ |
| ४ | अनुगमन र मूल्यांकन | ४ | ३.५ |
| ५ | समन्वय र सम्बन्ध बिस्तार | ४ | ३.५ |
| | **जम्मा** | **२०** | **१६** |
| | **कुल जम्मा** | **१००** | **७८.५** |

नोटः यसको विस्तृत विवरण अनुसूची – २ मा हेर्नुहोला।

## ३.२ लैससास परीक्षण नतिजाको माकुरेजालोमा प्रस्तुति



## ३.३ लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरु

स्थानीय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७७ ले तोकेका २२ वटा सूचकहरु र जस अन्तर्गतका १०० वटा उपसूचकहरुको आधारमा लैससास परीक्षण गरिएको छ । गाउँपालिकामा लैससास कार्यान्वयनमा भएको अवस्थालाई प्राप्त भएका प्रमाणहरुको आधारमा तीन किसिमको अवस्थामा बिभाजन गरिएको छ । राम्रो अवस्था भएमा ‘सबल’, आंशिक कार्य भएको भएमा ‘आंशिक’ र कमजोर अवस्था भएमा ‘कमजोर’ भनी वर्गीकरण गरिएको छ । जसवाट सबललाई निरन्तरता दिने, आंशिक र कमजोर रहेका सूचक तथा उपसूचकहरुमा नीतिगत र कार्यगत सुधारका कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिकाको आगामी जिम्मेवारीको रुपमा रहन्छ । यस गाउँपालिकाको लैससास परीक्षणको विषय क्षेत्रहरुका सूचक तथा उपसूचकहरुको अवस्था र सुधार गर्नुपर्ने पक्षहरु देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६: लैससास परीक्षणमा प्राप्त सबल र सुधार गर्नुपर्ने पक्षहरु**

| क्र सं | सूचक तथा उपसूचकहरु | अंकभार | वर्तमान अवस्था | प्राप्ताङ्क | अवस्था | गर्नुपर्ने कार्यहरु |
|---|---|---|---|---|---|---|
| **१** | **नीति कानुन र योजना** | | | | | |
| **१.१** | **नीति कानुन र योजनामा समावेशी सहभागिता** | **१** | | | | |
| **१.१.१** | स्थानीय तहको नीति तथा कानुनको मस्यौदा तयार गर्ने क्रममा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको विषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरी गरेको/नगरेको ? | १ | विधायन समिति समावेशी भएको । दस्तावेज तयार गर्दा चयनमा कम ध्यान पुगेको । | ०.५ | आंशिक | कानुनी मस्यौदामा लैससास सम्बन्धी शब्द चयन गर्नुपर्ने ।<br>पालिकाबाट स्थानीय कानुन निर्माण गर्दा लैससास दृष्टिकोणबाट छलफल गरी आवश्यक विषयवस्तु समेट्नु पर्ने । |
| १.१.२ | पालिकाले आफ्नो नीति, कानुन र योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरेको / नगरेको ? | १ | पालिकाको नीति, कानुन र योजना तयार गर्ने क्रममा लैससासको दृष्टीकोणवाट उपयुक्त भए नभएको बारे लेखाजोखा नगरेको । | १ | सबल | यस कार्यलाई निरन्तरता दिनुपर्ने । |
| १.१.३ | पालिकाको नीति र योजनामा लैससास विकास (स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरु) सम्बन्धी विषयहरु समावेश भएको/नभएको ? | १ | गाउँपालिकाको स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरुमा लैससास विकास सम्बन्धी क्षेत्र तथा विषयहरु समावेश भएको । | १ | सबल | गाउँपालिकाको स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनाका लैससास विकास सम्बन्धी क्षेत्र तथा विषयहरु कार्यान्वयन निरन्तरता दिनुपर्ने । |

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.१.४ | पालिकाको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैंगिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरु छन्/छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यविधि र निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको)। | १ | पालिकाको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैंगिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरु र रणनीति लागू भएको। | १ | सबल | नीति रणनीति कार्यान्वयनलाई निरन्तरता दिनुपर्ने। |
| १.१.५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्न पर्याप्त प्रावधान व्यवस्था गरिएको छ/छैन ? | १ | स्थानीय ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्न अधिकतम् प्रावधान व्यवस्था गरिएको। | ०.५ | आंशिक | स्थानीय कानुनहरुमा महिला तथा वञ्चितीकरणमा परेका समुदायमा विभेदजन्य कार्यहरु रोक्ने प्रावधान प्रभावकारी कार्यान्वयनको थप पहल गर्नुपर्ने। |
| १.१.६ | संघीय कानुनले व्यवस्था गरे बमोजिम स्थानीय स्तरमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित वर्ग माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाए/नमिलाएको ? | १ | न्यायिक समितिले महिला तथा बञ्चितिमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने व्यवस्था गरिएको। | १ | सबल | यस कार्यलाई निरन्तरता दिनुपर्ने। |
| १.१.७ | महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहेको/नरहेको ? (समुदायको प्रचलन विभेदकारी भएको/नभएको।) | १ | महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने स्थानीय कानुन नभएको। समुदाय स्तरमा महिला र पुरुष बीच श्रमको ज्यालामा विभेद रहेको। | ० | कमजोर | महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने कानुनी प्रावधान लागू गर्नुपर्ने। |
| १.१.८ | स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजिवी उपर हुने विभेद रोक्ने प्रावधान रहेको/नरहेको ? | १ | स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजिवी उपर हुने विभेद रोक्ने प्रावधान नभएको। | ० | कमजोर | स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजिवी उपर हुने विभेद रोक्ने कानुनी प्रावधान लागू |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | गर्नुपर्ने । |
| | **सहायक विषयगत जम्मा** | ८ | | ५ | | |
| १.२ | **योजना तर्जुमा तथा कार्यान्वयन** | | | | | |
| **१.२.१** | आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैंगिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धि लक्ष्य समावेश गरिएको छ/छैन ? | १ | लैंगिक तथा समावेशी विकासको लागि नीति कार्यक्रम तय गरेको ।<br>मापनयोग्य उपलब्धि लक्ष्य निर्धारण भएको । | १ | सबल | यस कार्यलाई निरन्तरता दिनुपर्ने । |
| १.२.२ | गाउँपालिकाको बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा वञ्चितीकरणमा परेका समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि वा प्रत्यक्ष फाईदा पुग्ने गरी कुल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको/नगरेको ? | १ | महिला, बालबालिका तथा वञ्चितीकरणमा परेका समूहको लागि कार्यक्रमहरु राखिएको भएता पनि बजेट तर्जुमा गर्दा निश्चित प्रतिशत निर्धारण गरी बजेट विनियोजन नगरिएको । | ०.५ | आंशिक | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गरी महिला, बालबालिका तथा वञ्चितीकरणमा परेका समूहको अवस्था विश्लेषणको आधारमा सो समूहको लागि प्रत्यक्ष फाईदा पुग्ने गरी कुल पूँजीगत बजेटको निश्चित प्रतिशत बजेट छुट्याउनु पर्ने । |
| १.२.३ | पालिकाको योजना सूची लक्षित समूहहरुको सक्रीय सहभागितामा तयार हुने र उनीहरुले छनौट गरेको योजना प्राथमिकीकरणमा पर्ने गरेको/नगरेको ? (योजना तर्जुमा गर्दा गाउँ बस्तीस्तरवाट आएका योजना कार्यक्रमहरुलाई समेटेको/नसमेटेको परीक्षण गर्ने ।) | १ | योजना तर्जुमा प्रक्रियामा लक्षित समूहको सकृय सहभागितामा हुने गरेको ।<br>योजना छनौट गर्दा बस्तीस्तरबाट आएका योजनाहरुलाई प्राथमिकीकरण गरी योजना तर्जुमा गरिएको । | १ | सबल | यस कार्यलाई निरन्तरता दिनुपर्ने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२.४ | योजना तर्जुमा गर्दा महिला तथा वञ्चितीकरणमा परेका समूहहरुको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भए/नभएको ? | १ | योजना तर्जुमा गर्दा महिला तथा वञ्चितीकरणमा परेका समूहहरुको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा आंशिक छलफल हुने गरेको। | ०.५ | आंशिक | योजना तर्जुमा गर्दा महिला तथा वञ्चितीकरणमा परेका समूहहरुको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा पूर्ण रुपमा छलफल गर्नुपर्ने। |
| १.२.५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समूहहरुको छुट्टाछुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको/नगरिएको (तयारी प्रतिवेदन) ? | १ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समूहहरुको समग्रमा विश्लेषणको आधारमा आवश्यकता पहिचान गरेको। सोको प्रतिवेदन तयार नगरेको। | ०.५ | आंशिक | आगामी वर्षमा प्रतिवेदन तयार गरी राख्नु पर्ने। |
| १.२.६ | पालिकाले दिगो विकासका लक्ष्यहरु विशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरेको/नगरेको ? | १ | पालिकाले समावेश गरेका लैंगिक समानताका कार्यक्रमहरु सबै यसैभित्र परेको।<br>पालिकाले दिगो विकासका लक्ष्यहरु विशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण नगरेको। | ०.५ | आंशिक | पालिकाले दिगो विकासका लक्ष्यहरु विशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी कार्यान्वयन गर्नुपर्ने। |
| १.२.७ | स्थानीय तहको योजना महिला बालबालिका तथा पिछाडिएको वर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको/नबनेको ? | १ | स्थानीय तहका योजना महिला बालबालिका तथा पिछाडिएको वर्ग समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने गरी नीतिगत व्यवस्था भएता पनि कार्यक्रम बनाउँदा लक्षित वर्गलाई तोकेर नबनेको। | ०.५ | आंशिक | आगामी वर्षमा कार्यक्रम बनाउँदा लक्षित वर्गलाई नै तोकेर बनाउँनु पर्ने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२.८ | पालिकाका उपभोक्ता समितिहरुमा लक्षित समूहको प्रतिनिधि सहित कम्तिमा ४० प्रतिशत महिलाको सहभागिता भएको/नभएको र मुख्य कार्यकारी पद मध्ये कुनै एकमा जिम्मेवारी दिएको/नदिएको ? | १ | उपभोक्ता समितिहरुमा महिला तथा लक्षित समुदायको प्रतिनिधित्व रहेको र मुख्य कार्यकारी पदमा उनीहरुलाई जिम्मेवारी दिएको पाईएको । | १ | सबल | यस कार्यलाई निरन्तरता दिनुपर्ने । |
| | **सहायक विषयगत जम्मा** | **८** | | **५.५** | | |
| १.३ | **बजेट तर्जुमा तथा कार्यान्वयन** | | | | | |
| **१.३.१** | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, अपांग, जनजाति, मुस्लिम, मधेशी, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समूहहरुसंग बसेर समस्या केलाउने (विश्लेषण) गर्ने गरिएको/नगरिएको ? | १ | बस्ती स्तरीय योजना तर्जुमाको क्रममा लक्षित वर्गको सहभागिता सहित छलफल हुने गरेको तर लक्षित वर्गसँग बसेर समस्या केलाउने (विश्लेषण) गर्ने नगरिएको ? | ०.५ | आंशिक | आगामी वर्षमा बस्ती स्तरीय योजना तर्जुमाको क्रममा लक्षित वर्गको सहभागिता सहित छलफल गर्ने एवं लक्षित वर्गसँग बसेर समस्या केलाउने (विश्लेषण) र योजना निर्माण गर्ने । |
| १.३.२ | पालिकाका क्षमता विकास योजनामा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमित रुपमा गर्न बजेटको व्यवस्था गरिएको/नगरिएको ? | १ | गाउँपालिकामा क्षमता विकास योजनामा लैससास समावेश नभएको ।<br>लैससास परीक्षणको लागि कार्यक्रम तथा बजेट नियमित रुपमा विनियोजन र कार्यान्वयन हुने गरेको । | ०.५ | आंशिक | क्षमता विकास योजनामा लैससासको अवधारणा समावेश गर्नुपर्ने । |
| १.३.३ | लैससास परीक्षण पश्चात लैंगिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनको लागि पर्याप्त बजेट तथा कार्यक्रम वार्षिक योजनामा समाबेश गरिएको/नगरिएको ? | १ | लैससास परीक्षण पश्चात लैंगिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनको लागि पर्याप्त बजेट तथा कार्यक्रम वार्षिक | ०.५ | आंशिक | आगामी वर्षबाट लैससास परीक्षण पश्चात लैंगिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनको लागि पर्याप्त बजेट तथा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | योजनामा समाबेश गरिएको भएता पनि थोरै मात्र रकम बिनियोजन गरिएको । | | | कार्यक्रम वार्षिक योजनामा समाबेश गर्ने । |
| १.३.४ | पालिकाको बजेट तथा कार्यक्रममा लक्षित समूहहरुको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरुको हितमा कार्यक्रममा समयमै खर्च गरिएको/नगरिएको ? (बजेट तथा कार्यक्रम बीच भिडान) | १ | पालिकाको बजेट तथा कार्यक्रममा लक्षित समूहहरुको लागि निश्चित प्रतिशत बजेट विनियोजनको व्यवस्था गरेको ।<br>कार्यक्रमको प्रमाण उपलब्ध गराएको । | १ | सबल | यस कार्यलाई निरन्तरता दिनुपर्ने । |
| | **सहायक विषयगत जम्मा** | ४ | | **२.५** | | |
| | **मूल विषयगत जम्मा** | २० | | **१३** | | |
| २ | **संस्थागत व्यवस्था** | | | | | |
| **२.१** | **कर्मचारी/पदाधिकारी प्रतिनिधित्व** | | | | | |
| **२.१.१** | पालिकाको निर्णायक तह (कर्मचारी/पदाधिकारी) मा महिलाहरुको समानरुपमा (५०/५० प्रतिशत) प्रतिनिधित्व रहेको छ/छैन ? | १ | संघीय कानुनले ३३ प्रतिशत मात्र व्यवस्था गरेको र कार्यान्वयन पक्ष प्रभावकारी नभएकोले महिलाको प्रतिनिधित्व न्यून रहेको छ । | ०.५ | आंशिक | महिला र पुरुष कर्मचारी तथा पदाधिकारीहरुको ५०/५० प्रतिशत समान रुपमा प्रतिनिधित्वको लागि रणनीति लागू गर्ने । |
| २.१.२ | पालिकाका कर्मचारीहरुको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिंग र समुदायका बीच समानुपातिक समावेशीकरण हुनसक्ने रणनीति लिएको छ/ छैन ? | १ | कर्मचारीहरुको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिंग र समुदायका बीच समानुपातिक समावेशीकरण हुनसक्ने रणनीति लागू नभएको । | ०.५ | आंशिक | गाउँपालिकामा कर्मचारीहरुको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिंग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीहरुको समावेशी समानुपातिक प्रतिनिधित्व हुनसक्ने रणनीति कार्यान्वयन गर्नुपर्ने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.१.३ | पालिकाले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको/नगरेको ? | १ | जनप्रतिनिधिहरु सम्बन्धित भाषा संस्कृति र रहनसहन बुझ्ने समुदायको भएको। विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली बनाउने गरेको । | ०.५ | आंशिक | यस कार्यलाई निरन्तरता दिने। |
| २.१.४ | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा महिला र वञ्चितीकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता प्राप्त हुनेगरी सकारात्मक विभेदको नीति लिएको/नलिएको ? | १ | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासका अवसर वितरण गर्दा सकारात्मक विभेदको नीति लिएको। | १ | सबल | यस कार्यलाई निरन्तरता दिनुपर्ने। |
| | **सहायक विषयगत जम्मा** | ४ | | **२.५** | | |
| २.२ | **कार्यप्रणाली समावेशी** | | | | | |
| **२.२.१** | महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति छ/छैन ? | १ | महिला र पुरुष बीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित रणनीति र कार्यनीति तयारी र लागू भएको। | १ | सबल | यस कार्यलाई निरन्तरता दिनुपर्ने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.२.२ | पालिकामा लैंगिक विकास हेर्ने ईकाईको व्यवस्था छ/छैन ? (लैंगिक विकास डेस्क वा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिएको/नगरिएको) | १ | गाउँपालिकामा लैंगिक विकास हेर्ने छुट्टै ईकाई वा डेस्कको व्यवस्था भएको। महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट हेर्ने ब्यवस्था गरिएको। | १ | सबल | लैससास कार्यान्वयन समिति गठन गरी परिचालन गर्नुपर्ने र यस कार्यलाई निरन्तरता दिनुपर्ने। |
| २.२.३ | पालिकावाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्ब्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागू गरिएको छ/छैन ? | १ | लैंगिक हिंसा नियन्त्रणको लागि आचार संहिता लागू भएको। | १ | सबल | यस कार्यलाई निरन्तरता दिनुपर्ने। |
| २.२.४ | योजना तर्जुमा प्रक्रियामा महिला बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए नभएको र वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भए नभएको ? | १ | योजना तर्जुमा गर्दा महिला बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भएको र वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भएको। | १ | सबल | यस कार्यलाई निरन्तरता दिनुपर्ने। |
| | **सहायक विषयगत जम्मा** | ४ | | ४ | | |
| २.३ | **समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व** | | | | | |
| २.३.१ | पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा वञ्चितीकरणमा परेका समुदायबाट महिला र पुरुषको समवेशी प्रतिनिधित्व हुने व्यवस्था रहेको/नरहेको ? | १ | गाउँपालिकाका समिति, उपसमिति र कार्यदलहरुमा महिला र वञ्चितीकरणमा परेका समुदायवाट प्रतिनिधित्वको व्यवस्था रहेको। | १ | सबल | यस कार्यलाई निरन्तरता दिनुपर्ने। |

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर
बागमती प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.३.२ | पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा वञ्चितीकरणमा परेका समुदायका छलफल र निर्णय प्रक्रियामा स्वस्थ ढंगले भाग लिन पाएको/नपाएको ? | १ | समिति उपसमितिहरुमा महिला तथा वञ्चितीकरणमा परेका प्रतिनिधिहरुले छलफल र निर्णय कार्यमा आंशिक रुपमा भाग लिन पाएको । | ०.५ | आंशिक | पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा वञ्चितीकरणमा परेका समुदायका छलफल र निर्णय प्रक्रियामा स्वस्थ ढंगले भाग लिने ब्यवस्था गर्नुपर्ने । |
| २.३.३ | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा समीक्षा सम्बन्धी कार्यमा पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला र वञ्चितीकरणमा परेका समुदायको हित हुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरेको/नगरेको ? | १ | समिति उपसमितिहरुले कार्यक्रम अनुगमन गर्दा महिला र वञ्चितीकरणमा परेका समुदायलाई पुगेको लाभ सम्बन्धमा हेर्ने र सुझाव दिने कार्य आंशिक रुपमा भएको । | ०.५ | आंशिक | समिति उपसमितिहरुले कार्यक्रम अनुगमन गर्दा महिला र वञ्चितीकरणमा परेका समुदायको हित हुनेगरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझावहरु लिखितरुपमा तयार गरी राख्ने व्यवस्था गर्नुपर्ने । |
| २.३.४ | पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला तथा वञ्चितीकरणमा परेका समुदायको हित हुने गरी दिइएको नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन हुने गरेको/नगरेको ? | १ | यस्ता समिति, उपसमिति र कार्यदलहरुले महिला तथा वञ्चितीकरणमा परेका समुदायको हित हुने गरी दिइएको नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन भएको । | १ | सबल | यस कार्यलाई निरन्तरता दिनुपर्ने । |
| | **सहायक विषयगत जम्मा** | ४ | | **३** | | |
| २.४ | **वित्त व्यवस्थापन प्रणालीमा समावेशीता** | | | | | |
| **२.४.१** | लैंगिक हिंसा न्यूनीकरण तथा महिला क्षमता विकासका लागि छुट्टै कोष स्थापना गरिएको/नगरिएको ? | १ | यस गाउँपालिकाले लक्षित वर्गका लागि क्षमता विकास तालिम कार्यक्रमहरु सञ्चालन भएको ।<br>सोको लागि छुट्टै कोषको आवश्यकता | १ | सबल | यस कार्यलाई निरन्तरता दिनुपर्ने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | नहुने। | | | |
| २.४.२ | के आदिबासी, जनजाति, दलित, अन्य लक्षित समूहका महिलाहरुको विकास र सशक्तीकरणको लागि बजेटको व्यवस्था भएको छ ? उनीहरुको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | १ | महिला तथा लक्षित समुदायको विकास र सशक्तीकरणको लागि कार्यक्रमहरुमा बजेट विनियोजन भएको। | १ | सबल | यस कार्यलाई निरन्तरता दिनुपर्ने। |
| २.४.३ | के पालिकामा लैंगिक डेस्कको विकास र आवश्यक मानवीय श्रोतहरुको लागि बजेटको व्यवस्था गरिएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | १ | गाउँपालिकामा महिला तथा बालबालिका शाखा स्थापना भएको र त्यही शाखाले लैंगिक डेस्कको कार्य गरेको। | १ | सबल | यस कार्यलाई निरन्तरता दिनुपर्ने। |
| २.२.२ | पालिकामा लैंगिक विकास हेर्ने ईकाईको व्यवस्था छ/छैन ? (लैंगिक विकास डेस्क वा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिएको/नगरिएको) | गाउँपालिकामा लैंगिक विकास हेर्ने छुट्टै ईकाई वा डेस्कको व्यवस्था नभएको। लैससास कार्यान्वयन समिति गठन गरी परिचालन नभएको। | गाउँपालिकामा लैंगिक विकास हेर्ने छुट्टै ईकाई वा डेस्कको व्यवस्था गर्ने<br>लैससास कार्यान्वयन समिति गठन गरी परिचालन गर्ने। | कार्यपालिका | आ. व. २०८०/८१असार मसान्त | | | √ |
| २.२.३ | पालिकावाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागू गरिएको छ/छैन ? | लैंगिक हिंसा नियन्त्रणको लागि आचार संहिता लागू नभएको। | लैंगिक हिंसा नियन्त्रणको लागि आचार संहिता तर्जुमा गर्ने। | कार्यपालिका | आ. व. २०८०/८१असार मसान्त | | | √ |
| २.२.४ | योजना तर्जुमा प्रक्रियामा महिला बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए नभएको र वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भए नभएको ? | योजना तर्जुमा गर्दा महिला बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भएको र वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भएको। | यस कार्यलाई निरन्तरता दिने। | प्रशासन शाखा योजना शाखा | निरन्तर | | | √ |
| २.३ | **समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व** | | | | | | | |
| २.३.१ | पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा वञ्चितीकरणमा परेका समुदायबाट महिला र पुरुषको समवेशी प्रतिनिधित्व हुने व्यवस्था रहेको/नरहेको ? | गाउँपालिकाका समिति, उपसमिति र कार्यदलहरुमा महिला र वञ्चितीकरणमा परेका समुदायवाट प्रतिनिधित्वको व्यवस्था रहेको। | यस कार्यलाई निरन्तरता दिने। | कार्यपालिका | निरन्तर | | | √ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.३.२ | पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा वञ्चितीकरणमा परेका समुदायका छलफल र निर्णय प्रक्रियामा स्वस्थ ढंगले भाग लिन पाएको/नपाएको ? | समिति उपसमितिहरुमा महिला तथा वञ्चितीकरणमा परेका प्रतिनिधिहरुले छलफल र निर्णय कार्यमा स्वस्थ ढंगले भाग लिन पाएको। | यस कार्यलाई निरन्तरता दिने। | प्रशासन शाखा | निरन्तर | | √ |
| २.३.३ | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा समीक्षा सम्बन्धी कार्यमा पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला र वञ्चितीकरणमा परेका समुदायको हित हुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरेको/नगरेको ? | समिति उपसमितिहरुले कार्यक्रम अनुगमन गर्दा महिला र वञ्चितीकरणमा परेका समुदायलाई पुगेको लाभ सम्बन्धमा हेर्ने र सुझाव दिने कार्य आंशिक रुपमा भएको। | समिति उपसमितिहरुले कार्यक्रम अनुगमन गर्दा महिला र वञ्चितीकरणमा परेका समुदायको हित हुनेगरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझावहरु लिखितरुपमा तयार गरी राख्ने व्यवस्था गर्ने। | कार्यपालिका | आ. व. २०८०/८१असार मसान्त | | √ |
| २.३.४ | पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला तथा वञ्चितीकरणमा परेका समुदायको हित हुने गरी दिइएको नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन हुने गरेको/नगरेको ? | समिति, उपसमिति र कार्यदलहरुले महिला तथा वञ्चितीकरणमा परेका समुदायको हित हुने गरी दिइएको नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन भएको। | यस कार्यलाई निरन्तरता दिने। | कार्यपालिका | निरन्तर | | √ |
| २.४ | **वित्त व्यवस्थापन प्रणालीमा समावेशीता** | | | | | | |
| २.४.१ | लैंगिक हिंसा न्यूनीकरण तथा महिला क्षमता विकासका लागि छुट्टै कोष स्थापना गरिएको/नगरिएको ? | यस गाउँपालिकाले लक्षित वर्गका लागि क्षमता विकास तालिम कार्यक्रमहरु सञ्चालन भएको। सोको लागि छुट्टै कोषको आवश्यकता नहुने। | लैंगिक हिंसा न्यूनीकरण तथा महिला क्षमता विकासका कार्यक्रम तथा बजेट विनियोजन गर्ने। | कार्यपालिका | आ. व. २०८०/८१असार मसान्त | | √ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **२.४.२** | के आदिबासी, जनजाति, दलित, अन्य लक्षित समूहका महिलाहरुको विकास र सशक्तीकरणको लागि बजेटको व्यवस्था भएको छ ? उनीहरुको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | महिला तथा लक्षित समुदायको विकास र सशक्तीकरणको लागि कार्यक्रमहरुमा बजेट विनियोजन भएको । | यस कार्यलाई निरन्तरता दिने । | योजना शाखा | निरन्तर | | √ |
| **२.४.३** | के पालिकामा लैंगिक डेस्कको विकास र आवश्यक मानवीय श्रोतहरुको लागि बजेटको व्यवस्था गरिएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | गाउँपालिकामा महिला तथा बालबालिका शाखा स्थापना भएको र त्यही शाखाले लैंगिक डेस्कको कार्य गरेको ।<br>लैंगिक डेस्क तथा कर्मचारीको क्षमता विकासको लागि कार्यक्रमहरु पहिचान नगरिएको । | लैंगिक डेस्क तथा कर्मचारीको क्षमता विकासको लागि कार्यक्रमहरु पहिचान तथा कार्यान्वयन गर्ने । | प्रशासन शाखा | आ. व. २०८०/८१असार मसान्त | √ | |
| २.४.४ | पालिकाले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेट व्यवस्था गरेको/नगरेको र कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने वा नदिने गरेको ? | गाउँपालिकाले समावेशी सूचना प्रणाली लागू गरेको ।<br>कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने गरेको । | गाउँपालिकामा लागू भएको समावेशी सूचना प्रणालीलाई निरन्तरता दिने । | सबै शाखा | निरन्तर | | √ |
| **२.५** | **तथ्याङ्क संकलन तथा व्यवस्थापन** | | | | | | |
| **२.५.१** | के पालिकाले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत खण्डीकृत सूचना या तथ्यांक संकलन तथा अद्यावधिक गर्ने गरेको छ ? (लिङ्ग, उमेर, जात र आर्थिक स्थिति आदि) - गाउँ/नगर प्रोफाईल | गाउँपालिका (लिङ्ग, उमेर, जात र आर्थिक स्थिति आदि) समुदायस्तरका आधारभूत खण्डीकृत सूचना एवं तथ्यांक संकलन र व्यवस्थापन गरेको तर अद्यावधिक नभएको । | यस्ता समुदायस्तरका आधारभूत खण्डीकृत सूचना वा तथ्यांक वार्षिक रुपमा अद्यावधिक गर्ने । | सूचना शाखा | आ. व. २०८०/८१असार मसान्त | | √ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.५.२ | पालिकाले समुदायस्तरका बेरोजगार तथा गरिबको तथ्यांक तथा नक्साङ्कन गर्ने गरेको/नगरेको (पालिका पार्श्वचित्र) | गाउँपालिकाले समुदायस्तरका आधारभूत खण्डीकृत सूचना वा तथ्यांकमा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने कार्य अद्यावधिक नभएको । | गाउँपालिका समुदायस्तरका आधारभूत खण्डीकृत सूचना वा तथ्यांकमा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने कार्य अद्यावधिक गर्ने । | सूचना शाखा | आ. व. २०८०/८१असार मसान्त | √ | |
| २.५.३ | पालिकाले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्याङ्क र सूचनालाई आधार मानी स्थानीय विकास योजना तर्जुमा गर्ने गरेको छ ? | गाउँपालिकाले स्थानीय विकास योजना तर्जुमा गर्दा पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्याङ्क र सूचनालाई आधार लिने गरेको । | यस कार्यलाई निरन्तरता दिने । | योजना शाखा | निरन्तर | | √ |
| २.५.४ | पालिकाले सामाजिक सूरक्षा लाभग्राही र पञ्जिकरण तथ्याङ्क अद्यावधिक गर्ने गरेको/नगरेको ? | गाउँपालिकाका सामाजिक सुरक्षा लाभग्राही र पञ्जिकरण तथ्याङ्क MIS प्रणालीको माध्यमबाट अद्यावधिक राख्ने गरिएको । | सामाजिक सूरक्षा र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गर्ने कार्यमा निरन्तरता दिने । | पञ्जिकरण शाखा | निरन्तर | | √ |
| **३.** | **मानव संसाधन तथा क्षमता विकास** | | | | | | |
| **३.१** | **मानव संसाधन तथा क्षमता विकास** | | | | | | |
| ३.१.१ | पालिकाको क्षमता विकास योजनामा लैससासको अवधारणालाई समावेश गरी कार्यान्वयन गरेको छ ? | पालिकाको क्षमता विकास योजनामा लैससासको अवधारणालाई समावेश गरी कार्यान्वयन नगरेको । | गाउँपालिकाको क्षमता विकास योजनामा लैससास क्षेत्रका कार्यक्रमहरु समावेश गर्ने र लागू गर्ने । | योजना शाखा | आ. व. २०८०/८१असार मसान्त | √ | |
| ३.१.२ | पालिकाका जनप्रतिनिधी र कर्मचारीलाई लैससास सम्बन्धी तालिम उपलब्ध गराइएको छ/छैन र तालिम कार्यक्रममा लक्षित समूहका | हालसम्म कुनैपनि पदाधिकारीहरु र कर्मचारीहरुले लैससास सम्बन्धी तालिम नलिएको । | सबै पदाधिकारी र कर्मचारीहरुलाई लैससास सम्बन्धी तालिमको व्यवस्था गर्ने । | सामाजिक विकास शाखा | आ. व. २०८०/८१असार मसान्त | √ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला र पुरुषको समान सहभागिता सुनिश्चितता गरिएको छ/छैन ? | | | | | | |
| ३.१.३ | सबै खाले तालिममा लैंगिक समवेदनशिल भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको छ/छैन ? सो सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ/छैन ? | तालिमहरुमा लैंगिक समवेदनशिल भाषाको प्रयोग नभएको र साथै महिलाका आवश्यकता समेट्ने र तालिमको गुणस्तरीय सेवा सुबिधा सम्बन्धमा पृष्ठपोषण लिने नगरिएको। | तालिममा लैंगिक समवेदनशिल भाषाको प्रयोग गर्ने, महिलाका आवश्यकता समेट्ने किसिमका तालिम दिने र गुणस्तर तथा सेवा सुबिधा सम्बन्धमा पृष्ठपोषण व्यवस्था लागू गर्ने। | सबै शाखा | आ. व. २०८०/८१ | | √ |
| ३.१.४ | महिला तथा लक्षित समूहको पदाधिकारीहरुको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण) छन्/ छैनन् ? सो अनुसारको बजेट विनियोजन गरिएको छ/छैन ? | सबै पदाधिकारीहरुको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण) सन्तोषजनक कार्यान्वयन नगरिएको। | पदाधिकारीहरुको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण) कार्यान्वयन गर्ने। | सा. वि. शाखा योजना शाखा | आ. व. २०८०/८१ | √ | |
| ३.१.५ | के पालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन् ? (विषयगत तालिम प्राप्त जनशक्ति संख्या) | गाउँपालिकामा लैससास सम्बन्धी तालिम दिन र कार्यक्रमलाई कार्यान्वयन गर्ने सक्ने थौरै मात्र जनशक्ति रहेको। | लैससास तालिम तथा कार्यक्रम सञ्चालनको लागि दक्ष जनशक्ति तयार गर्न तालिमको व्यवस्था गर्ने। | सामाजिक विकास शाखा | आ. व. २०८०/८१ | √ | |
| ३.१.६ | के पालिकामा मानव संसाधन विकास केन्द्र वा शाखा वा इकाईको व्यवस्था छ ? | गाउँपालिकामा मानव संसाधन विकास केन्द्रको छुट्टै स्थापना नगरिएको। | गाउँपालिकामा मानव संसाधन विकास केन्द्र स्थापना गर्ने। | कार्यपालिका | आ. व. २०८०/८१ असार | √ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | मसान्त | | |
| **३.१.७** | महिला र वञ्चितीकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहे/नरहेको र कार्यान्वयन भए/नभएको ? (सञ्चालित तालिम कार्यक्रम संख्या र उपस्थिति) | महिला र वञ्चितीकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम गरेको । | यस कार्यलाई निरन्तरता दिने । | सामाजिक विकास शाखा | आ. व. २०८०/८१ | √ | |
| **३.१.८** | महिला विकासको लागि बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरुको बारेमा पालिकाका पदाधिकारीहरु र कर्मचारीहरुलाई जानकारी छ ? सोको लागि अभिमुखीकरण गरिएको छ ? (कार्यक्रम संख्या र उपस्थिति) | वेईजिङ घोषणापत्र सम्बन्धमा स्थानीय पदाधिकारी तथा कर्मचारीलाई अभिमुखीकरण नगरिएको । | वेईजिङ घोषणापत्र सम्बन्धमा पदाधिकारी तथा कर्मचारीलाई अभिमुखीकरण कार्यक्रम गर्ने । | सामाजिक विकास शाखा | आ. व. २०८०/८१ | √ | |
| **३.२** | **अनौपचारिक मूल्य मान्यता र कुसंस्कार सम्बन्धी जनचेतना** | | | | | | |
| **३.२.१** | आवधिक तथा वार्षिक योजनामा महिला हिंसा बिरुद्धका कार्यक्रमहरु समावेश गरी कार्यान्वयन गरेको छ ? (कार्यक्रम संख्या र उपस्थिति) | आवधिक तथा वार्षिक योजनामा महिला हिंसा बिरुद्धका कार्यक्रमहरु समावेश गरी कार्यान्वयन गरेको । यस कार्य वस्तीस्तरसम्म नपुगेको । | महिला हिंसा बिरुद्धको सचेतनामूलक कार्यक्रममा बजेट विनियोजन गरी बस्तीस्तरमा कार्यक्रम निरन्तर गर्ने । | सामाजिक विकास शाखा | आ. व. २०८०/८१ | √ | |
| **३.२.२** | लैंगिक हिंसा रहित पालिका घोषणा गरेको छ ? (घोषणा गरेको मिति) र महिला हिंसा बिरुद्ध सून्य सहनशिलता अपनाएको छ ? (घटेको घट्ना संख्या र लिईएको निर्णय) | लैंगिक हिंसा रहित गाउँपालिका घोषणा नगरेको । महिला हिंसा बिरुद्ध सून्य सहनशिलता सम्बन्धमा स्थानीय नीति लागू नभएको । | लैंगिक हिंसा रहित गाउँपालिका घोषणाको लागि कार्यक्रमहरु गर्ने । महिला हिंसा बिरुद्ध सून्य सहनशिलता सम्बन्धमा स्थानीय नीति तथा कानुन तयार गरी लागू गर्ने । | कार्यपालिका | आ. व. २०८०/८१ | √ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **३.२.३** | महिला हिंसा बिरुद्ध सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरेको छ/छैन ? (कार्यक्रम संख्या उपस्थिति तथा निर्णय पुस्तिका) | महिला हिंसा बिरुद्धको सचेतनामूलक कार्यक्रममा बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन भएको । | यस कार्यलाई निरन्तरता दिने । | कार्यपालिका | निरन्तर | √ | |
| **३.२.४** | समाजमा रहेका बिभिन्न कुसंस्कार जस्तै जातिगत छुवाछुत, छाउपडी, बालबिवाह, बहुबिवाह, दाईजो आदि निर्मुल गर्ने कार्यक्रमहरु सञ्चालन गरेको छ ? (कार्यक्रम संख्या र उपस्थिति) | स्थानीय स्तरमा उल्लेखित सामाजिक कुसंस्कारहरु निर्मुल गर्नको लागि सचेतनामूलक तालिमहरु सम्पन्न गरेको । | यस कार्यलाई निरन्तरता दिने । | सामाजिक विकास शाखा | निरन्तर | √ | |
| **३.३** | **कानुनी साक्षरता** | | | | | | |
| **३.३.१** | स्थानीय तहका निर्वाचित पदाधिकारी तथा कर्मचारीलाई नेपालको संविधान, प्रचलित संघीय, प्रदेशस्तरीय र स्थानीय कानुनहरुको बारेमा अभिमुखीकरण गरेको/नगरेको ? | गाउँपालिकाका पदाधिकारीलाई संघवाट जारी भएका उल्लेखित ऐन कानुनहरु सम्बन्धमा अभिमुखीकरण थौरै मात्र भएको छ ।<br>गाउँपालिकाले स्थानीय रुपमा पारित गरी लागू गरेका ऐन नियमहरुको अभिमुखीकरण गर्न बाँकी छ । | गाउँपालिकाका पदाधिकारीलाई संघ प्रदेश र स्थानीय ऐन कानुनहरु सम्बन्धमा यथेष्ट अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने । | प्रशासन शाखा | आ. व. २०८०/८१ असार मसान्त | √ | |
| ३.३.२ | निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया सम्बन्धमा अभिमुखीकरण गर्ने गरेको/नगरेको ? | यस सम्बन्धमा गाउँपालिका सदस्यहरु, प्रमूख प्रशासकीय अधिकृत र सबै शाखाका प्रमूखहरु जानकार छन् । साथै यस सम्बन्धी अभिमुखीकरण कार्यक्रम समेत भएको छ । | कानुन निर्माण तथा संसोधन गर्ने प्रक्रिया सम्बन्धमा समय समयमा अभिमुखीकरण गर्ने । | प्रशासन शाखा बिधायन समिति | आ. व. २०८०/८१ | √ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **३.३.३** | पालिकामा महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालित भएका छन् ? (जस्तै कानुनी हक अधिकार, एकल महिला र चेलीबेटी बेचबिखन बिरुद्ध कार्यक्रम, छाउपडी प्रथा बिरुद्ध कार्यक्रम, यौनहिंसा बिरुद्ध कार्यक्रम आदि बारेमा अनुशिक्षण) | गाउँपालिकाले महिलाहरुको लागि कानुनी शिक्षा कार्यक्रमहरु सञ्चालन गरेको छ तर यथेष्ट नभएको । | महिलाहरुको लागि कानुनी शिक्षा कार्यक्रम वडा तथा बस्ती स्तरमा सञ्चालन गर्ने । | सामाजिक विकास शाखा | आ. व. २०८०/८१ | √ | |
| **३.३.४** | महिलाको लागि कानुनी शिक्षा कार्यक्रमबाट उनीहरु लाभान्वित भएका छन् ? (जस्तै कानुनी हक अधिकार एकल महिला र चेलीबेटी बेचबिखन बिरुद्ध कार्यक्रम, छाउपडी प्रथा बिरुद्ध कार्यक्रम, यौनहिंसा बिरुद्ध कार्यक्रम आदि बारेमा अनुशिक्षण र यसको असर) | महिलाहरुको लागि सञ्चालन भएका कानुनी शिक्षावाट थोरै महिलाहरु मात्र लाभान्वित भएको । | महिलाहरुको लागि सञ्चालन भएका कानुनी शिक्षा वडा र टोल स्तरमा कार्य गर्ने । | सामाजिक विकास शाखा | आ. व. २०८०/८१ | √ | |
| **३.४** | **विपद् व्यवस्थापनमा समावेशीकरण** | | | | | | |
| **३.४.१** | पालिकाले विपद् व्यवस्थापन सम्बन्धी कार्यविधि तथा मापदण्ड लागू गरेको छ ? उक्त दस्तावेजहरु तयार गर्दा महिला तथा वञ्चितीकरणमा परेका समुदायसंग परामर्श गरेको छ/छैन ? र यस्ता दस्तावेजमा सीमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान रहेको/नरहेको ? | विपद् व्यवस्थापन सम्बन्धी ऐन बनेको,<br>उक्त दस्तावेजहरु तयार गर्दा महिला तथा वञ्चितीकरणमा परेका समुदायसंग परामर्श नगरेको,<br>यस्ता दस्तावेजमा सीमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान लागू भएको । | विपद् व्यवस्थापन सम्बन्धी ऐन र कार्यविधि तयार गर्दा महिला तथा वञ्चितीकरणमा परेका समुदायसंग परामर्श गर्ने,<br>यस्ता दस्तावेजमा सीमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान लागू गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने । | कार्यपालिका | आ. व. २०८०/८१ | √ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.४.२ | स्थानीय स्तरको विपद् सम्बन्धी तथ्यांक व्यवस्थापन गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितीकरणमा परेका समुदाय समेतको खण्डीकृत तथ्यांक राखी आपतकालिन कार्य सञ्चालन तथा राहत वितरण गर्ने व्यवस्था गरेको छ/छैन ? | विपद् सम्बन्धी तथ्यांक व्यवस्थापन गर्दा महिला तथा वञ्चितीकरणमा परेका समुदाय समेतको तथ्यांक राखी आपतकालिन कार्य सञ्चालन तथा राहत वितरण गर्ने व्यवस्था भएको। | विपद् सम्बन्धी तथ्यांक व्यवस्थापन गर्दा महिला तथा वञ्चितीकरणमा परेका समुदायको खण्डीकृत तथ्यांक राखी आपतकालिन कार्य सञ्चालन तथा राहत वितरण गर्ने नीति लागू गर्ने। | कार्यपालिका | आ. व. २०८०/८१ | √ | |
| ३.४.३ | विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितीकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरुलाई पहिलो प्राथमिकता राखी कार्य गर्ने व्यवस्था गरेको छ/छैन ? | विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्दा महिला तथा वञ्चितीकरणमा परेको समुदायलाई पहिलो प्राथमिकता राखी कार्य गर्ने व्यवस्था नगरेको। | विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्दा लाभान्वित समूहमा महिला तथा वञ्चितीकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरुलाई पहिलो प्राथमिकता राखी कार्यमा निरन्तरता दिने। | कार्यपालिका | आ. व. २०८०/८१ | √ | |
| ३.४.४ | विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा वञ्चितीकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरेको/नगरेको ? | गाउँपालिकामा विपद् व्यवस्थापन कोषको स्थापना भएको।<br>तर कोष सञ्चालन कार्यविधि तयार तथा लागू नभएको। | विपद् व्यवस्थापन कोषलाई कार्यविधि बनाई सञ्चालन गर्ने। | कार्यपालिका | आ. व. २०८०/८१ | | √ |
| ४. | **सेवा प्रवाह** | | | | | | |
| ४.१ | **पूर्वाधार विकास** | | | | | | |
| ४.१.१ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना लैंगिक, बाल र अपांगमैत्री हुने प्रावधान व्यवस्था गरेको छ/छैन ? र सोको | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना लैंगिक, बाल र अपांगमैत्री हुने प्रावधान लागू | पालिकाका मातहतका सबै भवनहरु तथा संरचनाहरुमा यी प्रावधानहरु लागू गर्ने। | पूर्वाधार शाखा | आ. व. २०८०/८१ | | √ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन गरेको छ/छैन ? | नभएको । | | | | | |
| ४.१.२ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना लैंगिक, बाल र अपांगमैत्री हुने प्रावधान व्यवस्था कार्यान्वयन गरेको छ/छैन ? | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना लैंगिक, बाल र अपांगमैत्री हुने प्रावधान व्यवस्था कार्यान्वयन नगरेको । | पालिकाका मातहतका सबै भवनहरु तथा संरचनाहरुमा यी प्रावधानहरु लागू गर्ने । | योजना तथा पूर्वाधार शाखा | आ. व. २०८०/८१ | √ | |
| ४.१.३ | ठूला र व्यावसायिक निजी भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना लैंगिक, बाल र अपांगमैत्री हुने प्रावधान व्यवस्था कार्यान्वयन गरेको छ/छैन ? | ठूला र व्यावसायिक निजी भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना लैंगिक, बाल र अपांगमैत्री हुने प्रावधान व्यवस्था कार्यान्वयन नगरेको । | ठूला र व्यावसायिक निजी भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना लैंगिक, बाल र अपांगमैत्री हुने प्रावधान व्यवस्था कार्यान्वयन गर्ने । | योजना तथा पूर्वाधार शाखा | आ. व. २०८०/८१ | √ | |
| ४.१.४ | महिला तथा वञ्चितीकरणमा परेका समुदायलाई आधुनिक तथा वैकल्पिक उर्जामा पहुँच बढाउने कार्यक्रमहरु कार्यान्वयन गरेको छ/छैन ? | महिला तथा वञ्चितीकरणमा परेका समुदायलाई आधुनिक तथा वैकल्पिक उर्जामा पहुँच बढाउने आंशिक कार्यक्रमहरु कार्यान्वयन नगरेको । | महिला तथा वञ्चितीकरणमा परेका समुदायलाई आधुनिक तथा वैकल्पिक उर्जामा पहुँच बढाउने कार्यक्रमहरु गर्ने । | उर्जा तथा वातावरण शाखा | आ. व. २०८०/८१ | √ | |
| ४.२ | **प्रजनन स्वास्थ्य** | | | | | | |
| ४.२.१ | वार्षिक नीति र कार्यक्रममा प्रजनन स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम समावेश भएको छ/छैन ? | वार्षिक नीति र कार्यक्रममा प्रजनन स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम समावेश भएको । | वार्षिक नीति र कार्यक्रममा प्रजनन स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम समावेश गर्ने । | कार्यपालिका | आ. व. २०८०/८१ | | √ |
| ४.२.२ | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सार्वजनिक स्थलहरुमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको | गाउँपालिका भवनहरु र सार्वजनिक स्थलहरुमा बच्चाका आमाहरुलाई स्तनपान कक्ष र समयको व्यवस्था | सार्वजनिक स्थल र संस्थाहरुमा बच्चाका आमाहरुलाई स्तनपान कक्ष र समयको व्यवस्था गर्ने । | कार्यपालिका | आ. व. २०८०/८१ असार मसान्त | √ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | व्यवस्था र सोको व्यवस्थापन गरिएको छ/छैन ? | नगरिएको । | | | | | |
| ४.२.३ | परिवार नियोजन, मातृशिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम लगायत महिलाहरुको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरिएका छन् ? | परिवार नियोजन, मातृ शिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन भएका । | परिवार नियोजन, मातृ शिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन निरन्तर गर्ने । | स्वास्थ्य शाखा | निरन्तर | | √ |
| ४.२.४ | महिला, गरिब, निमूखा र वञ्चितीकरणमा परेका व्यक्तिहरुको स्वास्थ्य बिमा गर्न सहजिकरण र सहयोग गर्ने कार्यक्रम र बजेट भए/नभएको ? | गाउँपालिकावाट महिला तथा लक्षित समुदायका नागरिकहरुको स्वास्थ्य बिमा सहयोग कार्यक्रम भएको तर पुरा नसमेटिएको । | महिला तथा लक्षित समुदायका नागरिकहरुको स्वास्थ्य बिमा सहयोग कार्यक्रम | योजना शाखा | आ. व. २०८०/८१ | √ | |
| ४.३ | **शिक्षा कार्यक्रम** | | | | | | |
| ४.३.१ | स्थानीय तहले विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रबन्ध मिलाए/नमिलाएको ? | विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने कार्यक्रम सञ्चालन भएको । | बालबालिकालाई विद्यालयमा भर्ना अभियान | शिक्षा शाखा | निरन्तर | | √ |
| ४.३.२ | स्थानीय तहले विपन्न तथा वञ्चितीकरण परेका बालबालिकालाई छात्रबृत्ति र निशुल्क शिक्षाको व्यवस्था गरेको छ/छैन ? | स्थानीय तहले विपन्न तथा वञ्चितीकरण परेका बालबालिकालाई छात्रबृत्ति र निशुल्क शिक्षाको व्यवस्था गरेको । | यस कार्यलाई निरन्तरता दिने । | शिक्षा शाखा | निरन्तर | | √ |
| ४.३.३ | निरक्षर महिलाहरुको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन भए नभएको ? (कार्यक्रमको नाम र सहभागि संख्या) | साक्षर गाउँपालिका घोषणा भएको । | निरक्षर नागरिकका लागि विशेष शिक्षा कार्यक्रम | शिक्षा शाखा | आ. व. २०८०/८१ | | √ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **४.३.४** | विद्यालयमा छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालय, किसोरी छात्राको लागि प्याड र यौनशिक्षा तथा सहजीकरण कार्यक्रम सञ्चालन हुने गरेको/नगरेको ? | विद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय व्यवस्था भएको। किसोरी छात्राको लागि प्याड र यौनशिक्षा तथा सहजीकरण कार्यक्रम सञ्चालन हुने गरेको। | किसोरी छात्राको लागि प्याड र यौनशिक्षा तथा सहजीकरण कार्यक्रम | शिक्षा शाखा | आ. व. २०८०/८१ | √ | |
| ४.४ | **खानेपानी तथा सरसफाई** | | | | | | |
| **४.४.१** | पालिकामा सफा पिउने पानी, हात धुने व्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको व्यवस्था गरेको छ/छैन ? | गाउँपालिका र वडामा सफा पिउने पानी, हात धुने व्यवस्था आंशिक भएको।<br>गाउँपालिका र केही वडाहरुमा महिला र पुरुषको लागि अलग्गै शौचालयको व्यवस्था भएको। | वडाहरुमा सफा पिउने पानी र महिला र पुरुषको लागि अलग्गै सौचालयको व्यवस्था | योजना शाखा र पूर्वाधार शाखा | आ. व. २०८१/८२ | √ | |
| **४.४.२** | खुला दिसामुक्त पालिका, घरघरमा शौचालय, डाँडा र गौडामा पोखरी, टोल सफाई अभियान जस्ता कार्यक्रम सञ्चालन हुने गरेको छ/छैन ? यी कार्यक्रमहरुमा महिला तथा बालबालिकाहरुको सहभागिता सूनिश्चित गरिएको छ/छैन ? | गाउँपालिका खुला दिशामुक्त घोषणानभएको।<br>सबै घरमा शौचालय छन्।<br>टोल सरसफाई कार्यक्रम निरन्तर सञ्चालनमा रहेको।<br>खानेपानीको मुल संरक्षण कार्यहरु सञ्चालनमा रहेको। | सहभागितामूलक टोल सरसफाई, पानीको मुल संरक्षण कार्यक्रम गर्ने। | सामाजिक विकास शाखा | आ. व. २०८१/८२ | √ | |
| ४.४.३ | फोहर व्यवस्थापन र उपयोग सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरु भएको छ/छैन ? | फोहर व्यवस्थापन र उपयोग सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरु आंशिक रुपमा भएको। | फोहर व्यवस्थापन र उपयोग सम्बन्धमा सचेतनामूलक कार्यक्रम गर्ने। | वातावरण शाखा | आ. व. २०८१/८२ | √ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.४.४ | महिला समेतको सहभागितामा पानीको स्रोत संरक्षण तथा पानी संकलन र सदुपयोग सम्बन्धी कार्यक्रम सञ्चालन भएको छ/छैन ? | खानेपानी मुहानको संरक्षण कार्यक्रम सञ्चालन गरिएको। | खानेपानीको मूल संरक्षणको कार्यक्रम गर्ने। | वातावरण शाखा | आ. व. २०८१/८२ | | √ |
| ४.५ | **स्वरोजगार र आयआर्जन तथा बजार व्यवस्थापन** | | | | | | |
| ४.५.१ | पालिकाको योजना तर्जुमा गर्दा बेरोजगार तथा गरिबीको नक्सांकनलाई आधार लिइएको छ/छैन ? | पालिकाको योजना तर्जुमा गर्दा बेरोजगार तथा गरिबीको तथ्यांक संकलन भएको तर योजना तर्जुमाको समयमा यसलाई आधार नलिइएको। | पालिकाको योजना तर्जुमा गर्दा बेरोजगार तथा गरिबीको नक्सांकनलाई आधार लिने। | योजना शाखा | आ. व. २०८०/८१ | | √ |
| ४.५.२ | पालिकाले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा विपन्न नागरिकको क्षमता विकास कार्यक्रमहरु तयारी र कार्यान्वयन गरेको छ/छैन ? (कार्यक्रम संख्या र उपस्थिति) | सामी कार्यक्रम अन्तरगत पालिकाले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा विपन्न नागरिकको क्षमता विकास कार्यक्रमहरु तयारी र कार्यान्वयन गरेको। (कार्यक्रम संख्या - ४ र उपस्थिति संख्या - २००) | स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा विपन्न नागरिकको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | सामाजिक विकास शाखा | आ. व. २०८०/८१ | √ | |
| ४.५.३ | ग्रामिण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिकहरु) र सामाजिक परिचालक तयार गर्ने गरे/नगरेको (मनोनयन, नियुक्ति वा गठन र तालिम) ? | ग्रामिण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिकहरु) र सामाजिक परिचालक तयार नगरेको। | ग्रामिण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिकहरु) र सामाजिक परिचालक तयार गर्ने। | योजना शाखा र सामाजिक विकास शाखा | आ. व. २०८१/८२ | √ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.५.३ | महिला तथा विपन्न समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरु समावेश गरी कार्यान्वयन गरिएको छ/छैन ? | महिला तथा विपन्न समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरु समावेश गरी कार्यान्वयन गरिएको । | लक्षित वर्गको लागि सीप विकास कार्यक्रम गर्ने । | सामाजिक विकास शाखा | आ. व. २०८०/८१ | √ | |
| ५. | **सुशासन तथा उत्तरदायित्व** | | | | | | |
| ५.१ | **सुशासन** | | | | | | |
| ५.१.१ | संविधान तथा प्रचलित कानुन अनुसारका स्थानीय तहलाई प्राप्त अधिकार तथा जिम्मेवारीहरु आवश्यक कानुन तथा विधिहरु लागू गरी सोही बमोजिम कार्यान्वयन भएको छ/छैन ? | संविधान तथा प्रचलित कानुन अनुसारका स्थानीय तहलाई प्राप्त अधिकार तथा जिम्मेवारीहरुका लागि अधिकांश कानुन तथा विधिहरु लागू गरी सोही बमोजिम कार्यान्वयन भएको । | संविधान तथा प्रचलित कानुन अनुसारका स्थानीय तहलाई प्राप्त अधिकार तथा जिम्मेवारीहरुका लागि आवश्यक सबै कानुन तथा विधिहरु लागू गरी सोही बमोजिम कार्यान्वयन गर्ने । | कार्यपालिका | आ. व. २०८०/८१ | √ | √ |
| ५.१.२ | स्थानीय तहले विधिको शासन ब्यापक जनसहभागिता, भ्रष्टाचार बिरुद्ध शुन्य सहनशिलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितीकरणमा परेका समुदायलाई अग्राधिकार जस्ता नीतिहरु कार्यान्वयनमा ल्याएको/नल्याएको ? | गाउँपालिकाले विधिको शासन ब्यापक जनसहभागिता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितीकरणमा परेका समुदायलाई अग्राधिकार जस्ता नीतिहरु कार्यान्वयनमा ल्याएको । | विधिको शासन ब्यापक जनसहभागिता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितीकरणमा परेका समुदायलाई अग्राधिकार जस्ता नीतिहरु कार्यान्वयनको प्रभावकारीता अध्ययन गर्ने । | सबै शाखा | आ. व. २०८०/८१ | | √ |
| ५.१.३ | महिला विकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरुको क्षेत्रमा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गरेको छ ? | महिला लक्षित कार्यक्रमहरु सञ्चालन भएको ।<br>बेईजिङ घोषणापत्रका १२ बुँदाहरुलाई | बेईजिङ घोषणापत्रका प्रतिवद्धताहरुलाई स्थानीय कार्यक्रमहरुमा समावेश गरी | कार्यपालिका | आ. व. २०८०/८१ | √ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (कार्यक्रम संख्या र उपस्थिति) | बिशिष्टीकृत गरी कार्यक्रम नगरिएको । | कार्यान्वयन गर्ने । | | | | |
| ५.१.४ | संयूक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन भएको छ/छैन ? | बाल अधिकार सम्बन्धी महासंन्धिले निर्धारण गरेका नीतिहरु गाउँपालिकाको नीति ऐन तथा कार्यविधिमा समावेश भएको र आंशिक कार्यान्वयनको रुपमा रहेको । | संयूक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ का कार्यक्रमहरु वार्षिक योजना समावेश गरी कार्यान्वयन गर्ने । | योजना शाखा | आ. व. २०८०/८१ | √ | |
| ५.२ | **उत्तरदायित्व र जवाफदेहिता** | | | | | | |
| ५.२.१ | पालिकाले नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरे/ नगरेको ? | चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरिएको ।<br>सूचनाहरु वेवसाइट फेसबुक पेज आधिकारिक पत्रिका मार्फत सम्प्रेषण गर्ने गरिएको ।<br>सामाजिक परीक्षण परीक्षण नभएको । | सामाजिक परीक्षण लगायतका कार्यक्रमहरु गर्ने । | सा. वि. शाखा सूचना शाखा | आ. व. २०८०/८१ | √ | |
| ५.२.२ | पालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई आदि कार्यक्रममा लक्षित वर्ग र समुदायका सदस्यको गराइएको छ/छैन ? | उक्त कार्यक्रमहरुको लागि सबै नागरिकहरुलाई निमन्त्रणा गरिएको । महिला तथा वञ्चितीकरणमा परेका समुदायको व्यक्ति उपस्थिति हुने गरेको । | सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाईमा महिला तथा वञ्चितीकरणमा परेका समुदायवाट अनिवार्य सहभागी गराउने । | सा. वि. शाखा सूचना शाखा | आ. व. २०८०/८१ | √ | |
| ५.२.३ | पालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई आदि कार्यक्रममा लक्षित वर्ग र समुदायबाट प्राप्त सवाल र सुझावहरुको संवोधन गरिएको छ/छैन ? | पालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई आदि कार्यक्रममा लक्षित वर्ग र समुदायबाट प्राप्त सवाल र | सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई आदि कार्यक्रममा लक्षित वर्ग र समुदायबाट प्राप्त सवाल र | सा. वि. शाखा | आ. व. २०८०/८१ | | √ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सुझावहरुको आंशिक संवोधन गरिएको र त्यसको सुव्यवस्थापन नभएको । | सुझावहरु संवोधन गर्ने । | | | | |
| **५.२.४** | पालिकाका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता लागू गरिएको छ/छैन ? | गाउँपालिकाका पदाधिकारी र कर्मचारीको आचारसंहिता लागू नभएको । | गाउँपालिकाका पदाधिकारी र कर्मचारीको आचारसंहिता लागू गर्ने । | कार्यपालिका | आ. व. २०८०/८१ | | √ |
| **५.३** | **सूचना तथा सञ्चार** | | | | | | |
| **५.३.१** | वार्षिक तथा अन्य कार्यक्रम तथा बजेट र कार्यान्वयनको अवस्था सम्बन्धी सूचनाहरु सबै वर्ग र समुदायले प्राप्त गर्ने गरी सार्वजनिक गरको छ/छैन ? | वार्षिक नीति तथा कार्यक्रम गाउँसभावाट पास भए पछि सम्पूर्ण गाउँपालिकाबासीलाई सूचना गरी बजेट तथा कार्यक्रम सार्वजिनिकीकरण गर्ने गरिएको । | वार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने कार्यलाई निरन्तररुपमा रुपमा  गर्ने । | सूचना शाखा | आ. व. २०८०/८१ | | √ |
| **५.३.२** | स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे नगरेको ? | स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण नगरेको । | स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने । | सूचना शाखा | आ. व. २०८०/८१ | √ | |
| ५.३.३ | के पालिकाले स्थानीय रेडियो एफ एम र छापा माध्यमद्वारा समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसूचित गर्ने गरेको छ/छैन ? | रेडियो रोशी र रोशी खबर साप्ताहिक पत्रिकाबाट सूचना प्रवाह गर्ने गरिएको । | स्थानीय सञ्चार माध्यमबाट लैससास सम्बन्धमा सूचना प्रवाह गर्ने । | सूचना शाखा म बा शाखा | आ. व. २०८०/८१ | √ | |
| **५.३.४** | पालिकाले लक्षित वर्ग तथा समुदायको लागि सञ्चालन गरेको सूचना शिक्षा र सञ्चार कार्यक्रमबाट सम्बन्धित वर्ग लाभान्वित भएका छन् ? | आदिबासी जनजाति तथा लक्षित समूहहरुको सूचना शिक्षा र सञ्चार कार्यक्रम लागू नभएको हुँदा जनचेतना बृद्धिमा कम मात्रै योगदान भएको । | गाउँपालिकावाट महिला तथा लक्षित वर्गका समुदायको लागि सूचना शिक्षा र सञ्चार कार्यक्रम कार्यान्वयन गर्ने । | सूचना शाखा म बा शाखा | आ. व. २०८०/८१ पौष मसान्त | √ | |
| **५.४** | **अनुगमन र मूल्यांकन** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **५.४.१** | के कार्यक्रम तथा परीयोजना कार्यान्वयनवाट सम्बन्धित समुदायले पुरा लाभ लिन सकेको छ ? | कार्यक्रम तथा परियोजनाको कार्यान्वयनवाट कार्ययोजना तथा नीति निर्माणमा सम्बन्धित समुदायले अधिकतम् लाभ लिएको छ। | यस कार्यलाई निरन्तरता दिने। | योजना शाखा र सूचना शाखा | आ. व. २०८०/८१ | | √ |
| **५.४.२** | पालिकाले सञ्चालन गरेका कार्यक्रमहरुको अनुगमन मूल्यांकन गर्दा लैससासको दृष्टिकोण लाभ असर विश्लेषण गरिएको छ ? | अनुगमन र मूल्यांकन गरिए पनि लाभ र असरको विश्लेषण नभएको। | अनुगमन र मूल्यांकनको क्रममा आयोजना वा कार्यक्रमबाट लैससासको दृष्टिकोणबाट पुग्ने असर र प्रभावको मूल्यांकन गरिनु पर्ने। | योजना शाखा र सूचना शाखा | आ. व. २०८०/८१ असार मसान्त | | √ |
| **५.४.३** | पालिकाका समीक्षा बैठकमा महिला बालबालिका तथा अन्य लक्षित वर्गहरुका लागि छुट्याइएका कार्यक्रमहरु माथि छलफल गर्ने गरेको छ ? | पालिकाका समीक्षा बैठकमा महिला बालबालिका तथा अन्य लक्षित वर्गहरुका लागि छुट्याइएका कार्यक्रमहरु माथि छलफल गर्ने गरिएको। | गाउँपालिकाको समीक्षा बैठकहरुमा महिला तथा सबै लक्षित वर्ग लक्षित कार्यक्रमहरु सम्बन्धमा छलफल तथा निर्णयहरु गर्ने र कार्यान्वयन गर्ने। | योजना शाखा | आ. व. २०८०/८१ | | √ |
| **५.४.४** | कार्यक्रम तथा परियोजनाहरुको अनुगमन तथा मूल्यांकनका प्रतिवेदनहरु संकलन गरी सोही अनुसारका सुधारात्मक कार्यहरु गर्ने गरिएको छ/छैन ? | अनुगमन र मूल्यांकनवाट अनुभवका आधारमा योजना तयार गरिएको। | कार्यक्रम तथा परियोजनाहरुको अनुगमन तथा मूल्यांकनका प्रतिवेदनहरु अध्ययन गरी सुधारका कार्यक्रमहरु गर्ने। | योजना शाखा र सूचना शाखा | आ. व. २०८०/८१ असार मसान्त | | √ |
| **५.५** | **समन्वय र सम्बन्ध बिस्तार** | | | | | | |
| **५.५.१** | स्थानीय तहले संघ र प्रदेशले तय गरेको नीति, कानुन तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरेको/नगरेको ? | समन्वय र साझेदारीमा कार्यक्रमहरु गर्ने गरिएको। | संघ र प्रदेशले तय गरेको नीति, कानुन तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने। | कार्यपालिका | आ. व. २०८०/८१ | √ | √ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.५.२ | लैससास क्षेत्रका सरोकारवाला निकायहरु बीच सञ्जाल गठन र परिचालन भएको छ/छैन ? | लैससास कार्यान्वयनको लागि सरोकारवालाहरुको सञ्जाल गठन नभएको । | लैससास कार्यान्वयनको लागि सरोकारवालाहरुको सञ्जाल गठन तथा परिचालन गर्ने । | कार्यपालिका | आ. व. २०८०/८१ | | √ |
| ५.५.३ | लैससास कार्यान्वयन सञ्जालको क्षमता विकास कार्यक्रमहरु सञ्चालन भएको छ/छैन ? | लैससास कार्यान्वयन सञ्जालको क्षमता विकास कार्यक्रमहरु सञ्चालन नभएको । | लैससास कार्यान्वयन सञ्जालको क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्ने । | कार्यपालिका | आ. व. २०८०/८१ | √ | |
| ५.५.४ | महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयूक्त राष्ट्रसंघीय सूरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजनामा पालिकाको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुमा रकम विनियोजन तथा कार्यान्वयन गर्ने गरे/नगरेको ? | यी राष्ट्रिय कार्ययोजनाहरुमा तोकिएका कार्यक्रमहरु सञ्चालन गर्ने नीतिगत निर्णय नभएको तर केही कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गरिएको । | यी राष्ट्रिय कार्ययोजनाहरुमा तोकिएका कार्यक्रमहरु सञ्चालन गर्ने नीतिगत निर्णय गरी कार्यान्वयन गर्ने । | कार्यपालिका | आ. व. २०८०/८१ | √ | |

# भाग – ४

# निष्कर्ष र सूझावहरु

## ४.१ निष्कर्ष

यस गाउँपालिकामा लैससास रणनीति लागू भएको र वार्षिक योजनाहरुमा लैससास कार्यान्वयनको अवस्था राम्रो नै रहेको छ । लैससासका केही सूचकहरुमा आंशिक प्रगति भएको र प्रगति न्यून भएको देखिएको छ । लैससास परीक्षणबाट जम्मा ७८.५ अंक प्राप्त भएको छ । नीति, कानुन र योजनामा कुल २० अंकमा १३ (६५ प्रतिशत) अंक प्राप्त भएको छ । दोस्रो विषय क्षेत्र संस्थागत व्यवस्थामा कुल २० अंकमा १६.५ अंक (८२ प्रतिशत) प्राप्त भएको छ । त्यस्तै तेस्रो विषय क्षेत्र मानव संसाधन तथा क्षमता विकासमा कुल २० अंकमा १५.५ अंक (७७ प्रतिशत) मात्र प्राप्त भएको छ । चौथो विषय क्षेत्र सेवा प्रवाहमा कुल २० अंकमा १७.५ अंक (८७ प्रतिशत) प्राप्त भएको छ । पाँचौ विषय क्षेत्र सुशासनमा कुल २० अंकमा १६ अंक (८० प्रतिशत) प्राप्त भएको छ । यस नतिजाले लैससास कार्यान्वयनका ५ वटै विषय क्षेत्रमा सम्बन्धित सूचकहरुमा रणनीतिक तथा कार्यनीतिक प्रयासहरु अझ थप गर्नुपर्ने देखिन्छ ।

**अनुसूची-१**

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य-समूहहरु

### समूह नं १: नीति, कानुन तथा योजना

| क्र सं | नाम थर | जिम्मेवारी | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री होम प्रसाद बजगाँई | संयोजक | वडा अध्यक्ष वडा नं ७ | ९८५१००८०३० |
| २ | श्री रमेश घले | सदस्य | कार्यपालिका सदस्य | |
| ३ | श्री मिलन शर्मा | सदस्य | सूचना अधिकृत | ९८५१२५५९०० |
| ४ | श्री सत्य कार्की | सदस्य | न्यायिक सहजकर्ता | ९८६०४०६१९० |
| ५ | श्री दिलिप चौधरी | सदस्य | वडा सचिव | ९८६००६६३५६ |
| ६ | श्री कान्ति प्रभा लो | सदस्य | योजना शाखा | |

### समूह नं २: संस्थागत व्यवस्था

| क्र सं | नाम थर | जिम्मेवारी | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री नवराज तिमल्सिना | संयोजक | वडा अध्यक्ष वडा नं ५ | ९८५१०७८८३० |
| २ | श्री सुशिला सुनार | सदस्य | कार्यपालिका सदस्य | |
| ३ | श्री रेवति रमण निरौला | सदस्य | प्रशासन शाखा प्रमुख | ९८४१५४९३४८ |
| ४ | श्री मिलन शर्मा घिमिरे | सदस्य | सूचना अधिकृत | ९८५१२५५९०० |
| ५ | श्री खडक बहादुर दशौदी | सदस्य | लेखापाल | ९८६०५५४६०३ |

### समूह नं ३: मानव संसाधन तथा क्षमता विकास

| क्र सं | नाम थर | जिम्मेवारी | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री नारायण भोम्जन | संयोजक | वडा अध्यक्ष वडा नं ६ | ९८५११६७७११ |
| २ | श्री होम प्रसाद बजगाँई | सदस्य | वडा अध्यक्ष वडा नं ७ | ९८५१००८०३० |
| ३ | श्री रमेश घले | सदस्य | कार्यपालिका सदस्य | |
| ४ | श्री अम्बा बास्तोला | सदस्य | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख | ९८६२७४१९५० |
| ५ | श्री राजु थापा | सदस्य | वडा सचिव | ९८५१००५३४२ |
| ६ | श्री लक्ष्मी घिमिरे | सदस्य | सामाजिक परिचालक | ९८६१०८५६०९ |

| | | | | |
|---|---|---|---|---|
| ७ | श्री भक्ति तिमल्सिना | सदस्य | भूमि शाखा | ९८४३४५४५१२ |

**समूह नं ४: सेवा प्रवाह**

| क्र सं | नाम थर | जिम्मेवारी | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री राम कुमार लामा | संयोजक | वडा अध्यक्ष वडा नं ४ | ९८४९१२३८४४ |
| २ | श्री समिर श्रेष्ठ | सदस्य | स्वास्थ्य शाखा प्रमुख | ९८५११९३४६६ |
| ३ | श्री मुरलीधर घिमिरे | सदस्य | कृषि शाखा प्रमुख | ९८४१६९९७८२ |
| ४ | श्री ऋषि राम बुढाथोकी | सदस्य | वडा सचिव | ९८६०४९२६७० |
| ५ | श्री बिबेचना बिष्ट | सदस्य | प्राविधिक पशु शाखा | ९८४४६८६९४४ |

**समूह नं ५: सुशासन र उत्तरदायित्व**

| क्र सं | नाम थर | जिम्मेवारी | पद | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री भक्त बहादुर दर्लामी मगर | संयोजक | उपाध्यक्ष | ९८४१५५५४७२ |
| २ | श्री राममणी काफ्ले | सदस्य | प्रमुख प्रशासकिय अधिकृत | ९८५११२९०६८ |
| ३ | श्री नवराज खड्का | सदस्य | वडा अध्यक्ष वडा नं ३ | ९८४३९०१७७२ |
| ४ | श्री सरस्वती मोक्तान | सदस्य | कार्यपालिका सदस्य | ९८४८५८५२७३ |
| ५ | श्री सुन माया थिङ | सदस्य | कार्यपालिका सदस्य | ९८६४०६६५६६ |
| ६ | श्री बबिता थापा | सदस्य | वडा सचिव | ९८६०००५७६६ |
| ७ | श्री रमेश तिमल्सिना | सदस्य | वडा सचिव | ९८४११९१५५३ |

अनुसूची – २

# रोशी गाउँपालिका

## अमलटार, काभ्रेपलाञ्चोक

लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण अंक मापन विवरण

परीक्षण अंकः राम्रो - १, ठिकै - ०.५ र नभएको – ०

| क्र सं | सूचक तथा उपसूचकहरु | अंक भार | वर्तमान अवस्था | प्राप्ताङ्क |
|---|---|---|---|---|
| **१** | **नीति कानुन र योजना** | | | |
| **१.१** | **नीति कानुन र योजनामा समावेशी सहभागिता** | **१** | | |
| **१.१.१** | स्थानीय तहको नीति तथा कानुनको मस्यौदा तयार गर्ने क्रममा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको विषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरी गरेको/नगरेको ? | १ | विधायन समिति समावेशी भएको। दस्तावेज तयार गर्दा चयनमा कम ध्यान पुगेको। | ०.५ |
| १.१.२ | पालिकाले आफ्नो नीति, कानुन र योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिकोणले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरेको / नगरेको ? | १ | पालिकाको नीति, कानुन र योजना तयार गर्ने क्रममा लैससासको दृष्टीकोणवाट उपयुक्त भए नभएको बारे लेखाजोखा नगरेको। | १ |
| १.१.३ | पालिकाको नीति र योजनामा लैससास विकास (स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरु) सम्बन्धी विषयहरु समावेश भएको/नभएको ? | १ | गाउँपालिकाको स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरुमा लैससास विकास सम्बन्धी क्षेत्र तथा विषयहरु समावेश भएको। | १ |
| १.१.४ | पालिकाको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैंगिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरु छन्/छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यविधि र निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको)। | १ | पालिकाको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैंगिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरु र रणनीति लागू भएको। | १ |

| | | | | |
|---|---|---|---|---|
| १.१.५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्न पर्याप्त प्रावधान व्यवस्था गरिएको छ/छैन ? | १ | स्थानीय ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित वर्गमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु रोक्न अधिकतम् प्रावधान व्यवस्था गरिएको । | ०.५ |
| १.१.६ | संघीय कानुनले व्यवस्था गरे बमोजिम स्थानीय स्तरमा महिला तथा बञ्चितिमा परेका समुदाय या लक्षित वर्ग माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रबन्ध मिलाए/नमिलाएको ? | १ | न्यायिक समितिले महिला तथा बञ्चितिमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने व्यवस्था गरिएको । | १ |
